# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
## २०७९

## शारदा नगरपालिका
### सल्यान





**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## शारदा नगरपालिका

### सल्यान




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## शारदा नगरपालिका

सल्यान

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना,

कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण निर्देशनलय, कर्णाली प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५९ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,
शारदा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
सल्यान ।

**कैफियत सहितको राय**

हामीले शारदा नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू ३ करोड ७१ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ६० लाख ८४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ११ लाख १९ हजार, नियमित गर्नुपर्ने रु १ करोड २८ लाख ६८ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु १३ करोड ७ लाख ११ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु १६ करोड ७ लाख ८२ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(...............)

नायब महालेखापरीक्षक

**शारदा नगरपालिका, सल्यान**

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ८१ | ५८ | ३००७१ | ० | ० | ० | ८१ | ५८ | ३००७१ | ६०८४ | १२८६८ | ११११९ | ० | ० | २३९८७ | ० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| शारदा नगरपालिका, सल्यान | १३०७११ | ० | ० | १३०७११ | ० | ३००७१ | १६०७८२ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : सारदा नगरपालिका, सल्यान , शारदा नगरपालिका , सल्यान

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Sankarraj pathak | २०७८-४-१ | २०७८-४-१४ |
| कार्यालय प्रमुख | Liladhar Babal | २०७८-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Shyam Bahadur Singh | २०७८-८-२९ | |
| लेखा प्रमुख | Gopal oli | २०७९-२-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३०,०७१,१७३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ६,१८,१६,८६३.९२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४०,९८,६८,५७७ | **चालु खर्च** | ३७,७८,२०,१०३.१६ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,२४,१७,१०९ | **पूँजीगत खर्च** | २०,७४,६३,३३९ |
| **राजश्व बाँडफाँट** | १०,३५,७४,३४६.३२ | **वित्तीय/अन्य व्यवस्था** | ३०,४५,४६५.९३ |
| **आन्तरिक आय** | ८६,५०,०१२.८ | | |
| **अन्य आय** | ४,८४,२२,४५५.७१ | | |
| **कुल आय** | ६०,२९,३२,५००.८३ | **कुल खर्च** | ५८,८३,२८,९०८.०९ |
| **बाँकी मौज्दात** | | ७,६४,२०,४५६.६६ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिका को स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ। यस नगरपालिका अन्तर्गत १५ वडा, ७६ सभा सदस्य १९८.३४ वर्ग किलोमिटर क्षेत्रफल तथा ३३ हजार ७३० जनसंख्या रहेको छ ।<br>उल्लेखित कारोवारहरुको लेखापरीक्षण ऐन, महालेखापरीक्षकको कार्यालयको स्वीकृत समस्टिगत लेखापरीक्षण योजना, इकाईगत लेखापरीक्षण योजना, जोखिम बिश्लेषण, लेखापरीक्षण नीति मानदण्ड, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्धपत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासका आधारमा तयार गरी स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको बिधि अनुसार नमूना छनौट (Sampling)का आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलिमा रहेको सिमित साधन र श्रोत, सूचनाको पहुचमा हुने सिमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी बैद्यता परीक्षणमा कठिनाई जस्ता सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षकको जिम्मेबारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिबेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेबारी व्यवस्थापन पक्षको रहेको छ । लेखापरीक्षणबाट देखिएको व्यहोराहरुको मस्यौदा प्रतिवेदन उपर कार्यालय प्रमुख र अन्य पदाधिकारीहरु समेतको उपस्थितिमा मिती २०७९।५।१८ मा छलफल भइ पेश भएका थप कागजातहरु समेत परीक्षण गर्दाकायम हुन आएका व्यहोराहरु निम्नानुसार रहेका छन्:<br><br>लेखापरीक्षणको क्रममा महेन्द्ररत्न मा.वि., पिपलनेटालाई शिक्षकको तलव निकासा गर्दा शिक्षक श्री विनोद महराको नामको पेरोलमा बढी निकासा भएको रु १२,८६,७५०।०० र भ्रमण भत्ता बढी भुक्तानी भएको रु ६४०० समेत रु. १२,९३,१५०।०० असुल भइ दाखिला भएको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>पेश्की बाँकी :<br>पेश्की वाँकीः सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ को बमोजिम कामको मुल्याङ्कन, विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकवाट अनुमोदन गराई श्रेस्ता तथा कागजात पेश गरी पेश्की फर्झ्यौट गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै अन्य पेश्कीको हकमा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ वमोजिम पेश्की रकम तोकिएको म्याद भित्र फछर्यौट गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार निम्नानुसारको पेश्कीको म्याद समाप्त भएको देखिएकोले नियमानुसार असुल फर्झ्यौट गर्नुपर्ने रू.<br><table><tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">भौ .नं., मिति</th><th rowspan="2">पेस्की लिने</th><th colspan="3">चालु वर्षको पेश्की रू</th></tr><tr><th>म्याद ननाघेको</th><th>म्याद नाघेको</th><th>जम्मा पेश्की</th></tr><tr><td>१</td><td>१७२।०७९।२।२४</td><td>आस्था सामुदायिक सिकाइ केन्द्र</td><td>१,००,०००</td><td>०</td><td>१,००,०००</td></tr><tr><td>२</td><td>१७४।०७९।२।२५</td><td>मार्के सामुदायिक सिकाइ केन्द्र</td><td>१,००,०००</td><td>०</td><td>१,००,०००</td></tr><tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr></table></td><td>४,८३०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ३ | १९०।०७९।३।५ | लेखजागरण सामुदायिक सिकाइ केन्द्र | ० | १,००,००० | १,००,००० | | |
| | | | | ४ | ७७।०७९।३।२५ | त्रिभुवन जन मा.वि. लुहापिंग, सल्यान | ० | ३०,००,००० | ३०,००,००० | | |
| | | | | ५ | २९०।०७९।३।२५ | नि.मा.बि. सुनचौर | ० | ६,५०,००० | ६,५०,००० | | |
| | | | | ६ | २०।०७८।६।१ | केशब बहादुर बुढाथोकी | १,००,००० | ० | १,००,००० | | |
| | | | | ७ | १६५।०७८।८।१६ | केशब बहादुर बुढाथोकी | ५०,००० | ० | ५०,००० | | |
| | | | | ८ | १८१।०७८।८।२८ | केशब बहादुर बुढाथोकी | ५०,००० | ० | ५०,००० | | |
| | | | | ९ | ३४।०७८।६।११ | मोहन शर्मा | ६,००,००० | ० | ६,००,००० | | |
| | | | | १० | १९०।०७८।११।३ | गोपाल बहादुर विस्ट, सवारी साधन नविकरण पेस्की | ५,००,००० | ० | ५,००,००० | | |
| | | | | ११ | ३६०।०७८।१२।१७ | गोपाल बहादुर विस्ट, विविध खर्च पेस्की | १,००,००० | ० | १,००,००० | | |
| | | | | १२ | ३४०।०७८।१२।१० | सेवक बहादुर केसी, सवारी साधन मर्मत पेस्की | २,००,००० | ० | २,००,००० | | |
| | | | | १३ | १७५।०७९।२।२६ | पुस्कर बुढाथोकी | ७०,८०० | ० | ७०,८०० | | |
| | | | | १४ | २०९।०७९।३।१७ | पदम बहादुर घर्ती | ० | ४,००,००० | ४,००,००० | | |
| | | | | १५ | २७८।०७९।३।२५ | कैलास चनारा | ० | ६,८०,००० | ६,८०,००० | | |
| | | | | १६ | ८।०७९।३।२४ | संगीता बुढालाई , प्रारम्भिक साक्षरता गणितिय सिप कार्यक्रम | ६,९६,००० | ० | ६,९६,००० | | |
| | | | | | | जम्मा | २५,६६,८०० | ४८,३०,००० | ७३,९६,८०० | | |

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| २.१ | कैलास चनारा | ६,८०,००० |
| २.२ | त्रिभुवन जन मा.वि. लुहापिंग, सल्यान | ३०,००,००० |
| २.३ | नि.मा.बि. सुनचौर | ६,५०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २.४ पदम बहादुर घर्ती ४,००,०००<br>२.५ लेखजागरण सामुदायिक सिकाइ केन्द्र १,००,००० | |
| ३ | | | **वित्तीय विवरण विश्लेषण :** | |
| ३.१ | | | **स्थानीय संचित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ। | |

| सि. नं. | आयतर्फ | | | सि. नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | **विवरण** | **रकम** | **रकम** | | **विवरण** | **रकम** | **रकम** |
| १ | **गतवर्षकोजिम्मेवारी** | | ६,१८,१६,८६३.९२ | १ | **चालुखर्च** | | ३७,७८,२०,१०३।१६ |
| | क) नगद | | | २ | **पूँजीगतखर्च** | | २०,७४,६३,३३९।०० |
| | ख)बैंक | ६,१८,१६,८६३.९२ | | ३ | **वित्तियव्यवस्थाभुक्तानी** | | ० |
| २ | **राजस्व ( आन्तरिकआय)** | | ११,२२,२४,३५९।१२ | ४ | **प्रकोपव्यवस्थापनकोष** | | ९,२७,६९६।०० |
| | क) आन्तरिकराजस्व | ८६,५०,०१२।८० | | ५ | **विविध खर्च खाता (कर्मचारी कल्याण कोष)** | | १२,५२,५२४।९३ |
| | ख) राजस्वबाँडफाँड - संघिय सरकार | १०,१२,३६,२९१।९३ | | ६ | धरौटीफिर्ता | | ८,६५,२४५।०० |
| | ग) राजस्वबाँडफाँड - प्रदेश | २३,३८,०५४। | | ७ | **मौज्दात** | | ७,६४,२०,४५६। |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सरकार | ३९ | | | | | ६६ | |
| | | | ३ | **वित्तियहस्तान्तरण-संघ** | | ४०९८६८५७७।०० | | **क)नगदमौज्दात** | ० | | |
| | | | | क) वित्तियसमानीकरणअनुदान | १२,३६,००,०००।०० | | | **ख)बैंकमौज्दात** | **७,६४,२०,४५६।६६** | | |
| | | | | ख) सशर्तअनुदान- नगद | २६,५७,५०,०००।०० | | | संचितकोषखाता | ६,७५,९७,४६७।२६ | | |
| | | | | ग) सशर्तअनुदान– आन्तरिक ऋण | १,९६,८८,०००।०० | | | चालु खर्च खाता | ० | | |
| | | | | घ) समपूरकअनुदान | ० | | | पूँजीगत खर्च खाता | ० | | |
| | | | | ङ) विशेषअनुदान | ० | | | आन्तरिक राजस्व खाता | ० | | |
| | | | | च) अन्यअनुदान | ८,३०,५७७।०० | | | बाँडफाड प्राप्त राजस्व खाता | ० | | |
| | | | ४ | **प्रदेशसरकारबाटप्राप्तअनुदान** | | ३,२४,१७,१०९।०० | | आन्तरिक अनुदान खाता | ० | | |
| | | | | क) वित्तियसमानीकरणअनुदान | १,३३,३९,०००।०० | | | **प्रकोपव्यवस्थापनकोष** | ४,६९,४१६।८३ | | |
| | | | | ख) सशर्तअनुदान | १,५६,४९,०८९।०० | | | **विविध खर्च खाता (कर्मचारी कल्याण कोष)** | २,७७,३७५।०७ | | |
| | | | | ग) समपुरकअनुदान | ० | | | **धरौटीआय** | ८०,७६,१९७।५० | | |
| | | | | घ) विशेषअनुदान | ३४,२९,०२०। | | | | | | |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ०० | | | | | | | |
| | | | | | ङ) अन्यअनुदान | ० | | | | | | | |
| | | | | ५ | **अन्तरस्थानीयतहबाटप्राप्त** | ० | ० | | | | | | |
| | | | | ६ | **अन्य** | | ३,६५,५४,०००।०० | | | | | | |
| | | | | | क)एस.एस.डि.पि.सोधभर्ना हुने अनुदान | ३८,००,०००।०० | | | | | | | |
| | | | | | ख) एस.एस.डि.पि.सोधभर्ना हुने ऋण | ९०,००,०००।०० | | | | | | | |
| | | | | | ग) युरोपियन युनियन नगद अनुदान | १५,००,०००।०० | | | | | | | |
| | | | | | घ) जिपिइ सोधभर्ना हुने अनुदान | २,००,०००।०० | | | | | | | |
| | | | | | ङ) आयडीए सोधभर्ना हुने ऋण | ७२,५४,०००।०० | | | | | | | |
| | | | | | च) आइएमएफ/इसिएफ नगद ऋण | १,४८,००,०००।०० | | | | | | | |
| | | | | ७ | **प्रकोपव्यवस्थापनकोष** | | १३,९७,११२।८३ | | | | | | |
| | | | | | क) जिम्मेबारी | ३,९७,११२।८३ | | | | | | | |
| | | | | | ख) आम्दानी | १०,००,०००।०० | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | **विविध खर्च खाता (कर्मचारी कल्याण कोष)** | | १५,२९,९००।०० | | | | | |
| | | | | क) जिम्मेबारी | २९,९००।०० | | | | | | |
| | | | | ख) आम्दानी | १५,००,०००।०० | | | | | | |
| | | | ९ | **धरौटीआय** | | ८९,४१,४४२।८८ | | | | | |
| | | | | क) जिम्मेबारी | ६८,८०,१२१।८८ | | | | | | |
| | | | | ख) आम्दानी | २०,६१,३२१।०० | | | | | | |
| | | | | **जम्मा** | | **६६,४७,४९,३६४।७५** | | **जम्मा** | | **६६,४७,४९,३६४।७५** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३.२ | | | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• सुत्रको म.ले.प.फा.नं.२७२ ले देखाउने श्रेस्ता अनुसार बैक बाँकी रकम यथार्थ देखिदैन ।<br>• रिपोर्ट १७ (स्थानिय तहहरुको कोषहरुको विवरण) ले श्रेस्ता अनुसार रु. ७,६४,५२,४५७।४६ र बैंक अनुसार रु. १०,४१,३२,०९९।८७ देखाएकोमा बैंकमा रु. २,७६,७९,६४२।४१ बढी देखाएकोमा बैंक समायोजन विवरण तयार गरेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>• स्थानिय तहमा प्राप्त हुने सवै कार्यक्रमहरुलाई समावेश गरी वित्तिय प्रतिवेदन (म.ले.प.फा.नं. २७२) तयार गर्नुपर्नेमा पालिकाले सुत्रबाट तयार भएको वित्तिय प्रतिवेदन (म.ले.प.फा.नं. २७२) मा सिंग्यासतर्फको अन्तरसरकारी अख्तियारीतर्फको कार्यक्रम समाबेश नगरेबाट प्रस्तुत आर्थिक विवरणले सवै कारोवारलाइ प्रतिनिधित्व गरेको छैन । स्वीकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा लेखा प्रतिवेदन तयार गर्नुपर्दछ । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ३.३ | | | **एकिकृत आय-व्यय विवरण :-**कार्यालयले सूत्र लेखाप्रणालीको प्रयोग गरेतापनि लेखा प्रणालीका स्वीकृत ढाँचाहरु स्वचालित रुपमा सृजना गर्ने गरेको देखिएन । जस्तै नगरपालिकाको एकिकृत आयव्यय विवरण सुत्र प्रणालीबाट तयार हुने गरेको छैन।उल्लेखित कुराहरुमा सुधार गरी संचित कोष खाताको मर्म अनुसार समयमै श्रोतगत रुपमा आम्दानी जनाउने र निकासा खर्च लेखी संचित कोषको यथार्थ हिसाव देखाउन सम्बन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ३.४ | | | **सञ्चित कोषको चौमासिक विवरण-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(५) मा नगरपालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। नगरपालिकाले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन। ऐनले तोके वमोजिमका बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४</td><td></td><td></td><td>
लक्ष्य प्रगति :<br>
कार्यालयले चौमासिक र बार्षिक स्तरका प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><th>कार्यक्रम/योजना</th><th>कुल कार्यक्रम</th><th colspan="5">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th></th><th></th><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th><th>१००% सम्म प्रगति</th></tr>
<tr><td>कार्यक्रम संख्या</td><td>४५२</td><td>१</td><td>०</td><td>२</td><td>४</td><td>४४५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>
आन्तरिक नियन्त्रण प्रणाली<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ।कार्यालयले कार्यविधि तयार नगरेको कारण आन्तरिक नियन्त्रण प्रणालीको अवस्था कमजोर रहेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :<br>
• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>
• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची 14 वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>
• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>
• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>
• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानिय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानिय राजस्व परामर्श समिती, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिती र बजेट तथा कार्यक्रम तर्जुमा समिती गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितीहरु गठन गरेको पाइएन ।<br>
• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखि रहेको पाइयो ।<br>
• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>
• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन । साथै सहायक जिन्सि खाता खडा गरेको छैन ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २053 को नियम 6 क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँज गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• पालिका अन्तर्गत रहेको सार्वजनिक सम्पत्तिको अभिलेख राखेको देखिएन ।<br>• कार्यविवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा दिएको देखिएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता राखेको पाईएन।<br>• पालिकासँग डोजर र ट्रिपर रहेकोमा इन्धन र मर्मत खर्च उच्च भएपनि सोबाट कुनै आम्दानी भएको छैन । यसवाट भएको आम्दानी र खर्च यकिन गर्न सक्ने अवस्था छैन ।<br>• पेश्की लेजर, व्यक्तिगत पेस्कीको विवरण खडा गरी अद्यावधिक गरी राख्नुपर्नेमा राखेको पाइएन ।<br>• कतिपय योजनाहरुमा इष्टिमेट तयार गरेको, स्वीकृत गरेको, नापी मूल्याकन गरेको, जाँच गरेको, स्वीकृत गरेको, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको, स्वीकृत गरेको मिति उल्लेख नभएको ।<br>• निर्माण कार्यको कार्यसम्पन्न प्रविदेन अनुसार नापी किताव तयार गरी उक्त नापी कितावलाई नियमको प्रावधान अनुरुप अद्यावधिक गरी राख्नुपर्नेमा योजनाहरुको नापी लुज पेपरमा भर्ने गरेको पाइयो।अतःयोजनागत नापी किताव बनाई भएको कार्य र खर्चको विवरण अद्यावधिक गरेको देखिएन ।<br>• एक लाख भन्दावढीको मालसामान खरीद गर्दा सार्वजनिक खरीद नियमावलीको नियम ११ वमोजिम लागत अनुमान तयार नगरेको ।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन • निजामती सेवा ऐन 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • निजामती सेवा ऐन 2049 को दफा 7 ख 2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु २,३२,१३,४३८।१६ तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नुपर्दछ ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तत्काल तयार गरी सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोवार गर्न गराउन आवश्यक देखिन्छ । | |
| ६ | | | **राष्ट्रिय भवन संहिता–**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४३ बमोजिम भवनको नक्सा पास गर्दा नेपाल सरकारले निर्धारण गरे अनुसारको राष्ट्रिय भवन संहिताको पालना गर्नुपर्ने व्यवस्था छ । राष्ट्रिय भवन संहिताको अधिनमा रही थप मापदण्ड समेत बनाई लागू गर्न सक्ने व्यवस्था छ । भवन संहिता पालनालाई पालिकाले कार्यान्वयनमा ल्याएको देखिएन । भवनको नक्सा पास गर्दा भवन संहिताको पालना गर्नुपर्दछ । नक्सापासलाई तदारुकताको साथ कार्यान्वयनमा ल्याईनुपर्दछ। | |
| ७ | | | **आन्तरिक लेखापरीक्षणवाट देखिएका व्यहोराहरु : निम्न बमोजिमका आन्तरिक लेखापरीक्षणबाट औल्याइएका बेरुजुहरु लेखापरीक्षण अवधिसम्म पनि फछ्यौंट नभएकाले फछ्यौट हुनुपर्दछ ।** | |
| ७.१ | | | सैद्वान्तिक व्यहोराहरु :<br>• सम्पत्ति हस्तान्तरण तथा व्यवस्थापन नगरेको,<br>• जिन्सि निरिक्षण गरी जिन्सी निरिक्षण प्रतिवेदन तयार नगरेको,<br>• तपसिलमा उल्लेखित सामानहरु खरिद गरेको भनी दाखिला प्रतिवेदनमा जि खा पा नं उल्लेख नगरि रकम भुक्तानी भएकोले उक्त सामानहरु जिन्सी आम्दानी वाधिएकै हो भन्ने आधार नभएकोले खाता पाना अनिवार्य राखी नियमित गर्नुपर्ने | |

| गोभौमिति | फर्मकोनाम | रु |
|---|---|---|
| ७८।०७८।१०।४ | कालिकास्टेशनरी | १९६५०। |
| ८७।०७८।१०।२० | साईनाकम्प्यूटर | ३१६४०। |
| ८९।०७८।१०।२४ | ज्ञानुस्टेशनरी | १८७८२५। |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | |
|---|---|---|
| १३९।०७९।१।८ | जयखैरावाङ्गीसमिलउद्योग | ३३०५२५। |
| २७७।०७९।३।२५ | ल्यापटपहस्पिटल | १९७८७२। |
| २८१।०७९।३।२५ | विजयस्टोर | २४०८४८। |
| २८४।०७९।३।२५ | न्यूल्यापटपहस्पिटल | २००७४८। |
| **जम्मा** | | **१२०९१०८।** |

• तपसिलमा उल्लेखित स्टेशनरी फर्निचर तथा मेशिनरी सामानहरु खरिद गरेको भनी दाखिला प्रतिवेदनमा जिखापानं उल्लेख नगरि रकम भुक्तानी भएकोले खातापाना अनिवार्य राख्नुपर्दछ ।

| गोभौमिति | फर्मवापसलकोनाम | भुक्तानीरकम |
|---|---|---|
| ३८।०७८।७।१५ | जयखैरावाङ्गीसमिल | ४६५३६९। |
| ४३।०७८।७।१६ | नेटकमसोलुसनएण्डअटोमेसन | ४९८३३०। |
| ४५।०७८७।१६ | साईनाकम्प्यूटरएण्डइलेक्ट्रोनिक्ससप्लायर्स | १९८९३६। |
| ७३।०७८।९।६ | जयखैरावाङ्गीसमिल | ३७०६४०। |
| ७८।०७८।९।०७ | नेटकमसोलुसनएण्डअफिसअटोमेसन | ९९८९२। |
| १५५।०७८।१०।२० | शारदाअफसेट | २९८३२०। |
| १५६।०७८।१०।२० | हिरासिंहविष्टश्रीनगर | ९९८९२। |
| १६४।०७८।१०२८ | विएससप्लायर्सएण्डविजिनिर्माणसेवा | ९९९९९। |
| १६८।०७८।११।३ | जयखैरावाङ्गीसमिल | ४६५३६९। |
| १७१।०७८।११।२६ | महेन्द्रसप्लायर्स | ४९७२०। |
| ३८३।०७९।२।१३ | आरटेकसप्लायर्स | २१३५३१। |
| | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|

| | | |
|---|---|---|
| ४०९।०७९।३।२ | नेटकमसोलुसनएण्डअफिसअटोमेसन | ५७२२३२। |
| ५१०।०७९।३।२४ | ड्रिमल्याण्डट्रेर्डसप्रालि | ३३९९००। |
| [= | चितवनएग्रोभेटसेन्टर | ७९२७७। |
| ५१२।०७९।३।२५ | विभिन्न | ४३०७७०। |
| ५१६।०७९।३।२५ | जयखैरावाङ्गीसमिल | ५७०६५। |
| ५१७।०७९।३।२५ | एमटेकसप्लायर्स | २८५००। |
| ५२१।०७९।३।२५ | ड्रिमल्याण्डट्रेर्डसप्रालि | ९६९०००। |
| ५२२।०७९।३।२५ | जयखैरावाङ्गीसमिल | ५०००२। |
| ५२३।०७९।३।२५ | यूएण्डएससप्लायर्स | २६९४९९। |
| ४०९।०७९।३।२ | नेटकमसोलुसनएण्डअफिसअटोमेसन | ५०००००। |

• आर्थिक कार्यविधी नियमावली २०६४ अनुसार चल्ती मेशिन मर्मत गर्दा मर्मत आदेश तथा मर्मत पश्चात मर्मत अभिलेख तयार गर्नुपर्ने व्यवस्था भएकोमा तपसिल बमोजिमका फर्म वा पार्टीलाई गाडी मर्मत भनी रकम भुक्तानी गर्दा कुनै पनी फर्मको कोटेशन तोक आदेश दर्ता नभएको साथै मर्मत आवेदन फाराममा केही मर्मत भएका सामानहरुको विवरण तथा अभिलेख नभएको हुदा अभिलेख तयार गरि राख्नुपर्दछ ।

| गोभौमिति | फर्मवापार्टी | रकम |
|---|---|---|
| ३९।०७८।६।१३ | शिवा अटो मेण्टिनेन्स घोराही | ३४००१७। |
| १२८।०७८।७।१४ | शम्वृद्धीमंचसप्लायर्स | ४९७७३। |
| २१५।०७८।९।१८ | केसीअटोवर्कसप | २४०८१३। |
| ३३२।०७८।१२।७ | शम्वृद्धीमंचसप्लायर्स | ६८४७०। |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३९९।०७९।१।५</td><td>मालक्ष्मीअटोवर्कसप</td><td>२६८६०७।</td></tr>
<tr><td>३९९।०७९।१।५</td><td>मालक्ष्मीअटोवर्कसप</td><td>२४३९०६।</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१२११५८६।</td></tr>
</table>
• गरिवसँग विश्वेश्वर कार्यक्रम : स्थानिय तहलाई खर्च गर्ने सम्वन्धि निर्देशन र शर्तनामा बमोजिम गरिवसँग विश्वेश्वर कार्यक्रममा विनियोजन भएको रकम लक्षित परिवारहरुलाई प्रत्यक्ष रुपमा आयआर्जन हुने खालका कार्यक्रममा गर्नुपर्नेमा कार्यालयले विभिन्न तालिम संचालन गरी कार्यालयका कर्मचारीहरुलाई अनुगमन तथा अन्य शिर्षकमा खर्च गरेको देखिन्छ । खर्च सम्वन्धी निर्देशनमा तोकिएका कार्यक्रम छनौट गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>७.२</td><td></td><td></td><td>
प्रमाण पेश गर्नुपर्ने व्यहोराहरु :<br>
• भौ नं २६०।०७९।३।२४ बाट शिवजन मा.वि.शा.न.पा.१लाई पुस्तक खरिद भनी रु.६४४३३८।भुक्तानी भएकोमा विद्यालयमा जिन्सी आम्दानी बाधेको प्रमाण पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु ६४४३३८।००<br>
• भौ नं २६१।०७९।३।२४ बाट त्रिभुवन जन मा.वि.माल्नेटालाई विज्ञान प्रयोगशालाको लागी पुस्तक तथा फर्निचर खरिद भएको भनी रकम भुक्तानी गर्दा जिन्सी खातामा आम्दानी वाधेको प्रमाण पेश गर्नुपर्ने रु ६४४३१७।००<br>
• भौ नं २७२।०७९।३।२४ बाट बाट गोवर्धन थापालाई तालिम संचालनको रकम भुक्तानी गर्दा प्रमाण पेश हुन नसकेको रु ७२११५। प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु ७२११५।००<br>
• भौ नं ४०४।०७९।२।२७ बाट सिमखोला टाट्के सिंचाई उ भो स लाई प्रयोजन साथै मूल्याङ्न वेगर भुक्तानी भएको रकम प्राविधिक मूल्याङ्न साथै खर्चका विल पेश गर्नुपर्ने अन्यथा असुल उपर गर्नु पर्ने रु ९७०००।००<br>
• आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६(३) बमोजिम विल भरपाई सहित लेखा राख्नु पर्दछ । नगरपालिका संग सम्वन्धित कार्य समयावधि र गाडी प्रयोग गर्ने पदाधिकारी खुल्ने गरि सम्झौता अनुसार गाडि भाडामा लिएको अवस्थामा गाडी भाडा खर्च लेख्नु पर्नेमा सो नगरि प्रति दिनका दरले भनी खर्च लेख्ने गरेको र पटक पटक गाडि भाडामा लिदा लगबुक पेश गरि हुनुपर्नेमा सो नभई मात्र यती दिनको यती गाडी भाडा भनी तपसिल गो भौ र मितिबाट भुक्तानी भएकोले लगबुक तथा प्रयोजन पेश गर्नु पर्ने १९०२००।००
<table>
<tr><td>सि नं</td><td>गोभौमिति</td><td>गाडीधनीकोनाम</td><td>रकम</td></tr>
<tr><td>१</td><td>९९।०७८।७।८</td><td>अनिलश्रेष्ठ</td><td>४७२००।</td></tr>
<tr><td>२</td><td>३५८।०७८।१२।१५</td><td>अनिलश्रेष्ठ</td><td>२७५००।</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td>६,०७७,२५०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ३ | ४५६।०७९।२।४ | अनिलश्रेष्ठ | ११५५००। |
| | **जम्मा** | | **१९०२००।** |

• रेशम खेती आयोजनाको लागी कुनै पनी फर्मसंग संझौता गर्नु पूर्व ३ वटा फर्म संग प्रस्तावना माग गरि कृषि प्राविधिकको संलग्नतामा तुलनात्मक चार्ट गराई कम दररेट पेश गर्ने फर्मसंग हुनुपर्नेमा भौ नं १३७।०७८।७।१६ बाट सिधै सूर्योदय बहुउदेश्यीय कृषि फर्म शा न पा २ जोगीदेउ खोला (रेशम खेती परवर्धन उप आयोजना) संग संझौता गरि कती क्षेत्रफलमा कति विरुवा के काम गरेको सम्वन्धित विज्ञबाट कार्य सम्पन्न मूल्याङ्कन नभइ मात्र सिमेण्ट पाईप किमु विरुवाको विल र ज्यामीको डोर हाजिरी फाराम पेश गरेको आधारमा भुक्तानी भएकोले कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु ४८५०००।००

• भौ नं ६४४।०७९।३।२५ बाट बाट आदर्श बुक्स एण्ड स्टेशनरी सप्लायर्स लाइ विध्यालय सामाग्री खरिद भनी रकम भुक्तानी गर्दा सामान वितरण गरेको भरपाई पेश हुनुपर्नेमा सो नभएको हुदा पेश गर्नुपर्ने रु २७३२७५।००

• भौ नं ११।०७९।३।२५ बाट स्मार्ट ईलेक्ट्रोनिक्स घोराही दाङलाइ १४ वटा ल्यापटप खरिद गरे वापत रकम भुक्तानी भएकोमा उक्त सामान सम्वन्धित विध्यालयलाई वितरण गरेको भरपाई पेश गर्नु पर्ने ९९४०००।

• भौ नं ३६८।०७९।१।२३ बाट न्यू उत्तम खड्का सप्लायर्स लाई तारजाली खरिद गरे वाफत रकम भुक्तानी गर्दा प्रयोजन साथै प्राविधिक मूल्याङ्कन पेश भई हुनु पर्नेमा वडा नं.१५ का गोपाल खत्री र शालिकराम वि.क.ले बुझेको भरपाईको आधारमा भएकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा सो रकम असुल गर्नुपर्ने रु १४९९३०।००

• **मर्मत अभिलेख वेगर खर्च-** कार्यालयले खर्च लेख्दा खर्चको आधार प्रमाण सहित खर्च लेख्नु पर्नेमा नेटकम ईन्स्टिच्यूट अफ ईन्फरमेशन टेक्नोलोजी एण्ड ट्रेनिङ्ग शा न पा २ लाई शारदा नगर कार्यपालिकाको कार्यालय र १५ वडा कार्यालयहरुको कम्प्यूटर ल्यापटप फोटोकपी ईहाजिरी सोलार फ्याक्स सिसि क्यामरा आदी मर्मत गरेवापत भनी संझौता अनुसार मासिक रु ५३१००। का दरले वार्षिक रु ६१५६००। भुक्तानी भएको पाईयो ।आर्थिक कार्यविधी नियमावली २०६४ अनुसार चल्ती मेशिन मर्मत गर्दा मर्मत आदेश अनुसार मर्मत गर्नुपर्ने व्यवस्था भएकोमा वडा कार्यालयहरुमा मेशिनरी औजार मर्मत भनी वार्षिक वजेट विनियोजन भई सोही कार्यको लागी खर्च भएको र कार्यालयबाट पनी वजेट खर्च हुदा दोहोरो खर्च भएको देखिन्छ ।साथै वडावाट पनी यो मितिमा यो मर्मत भएको हो भनी सिफारिस नआएको र कार्यालयमा पनी सम्वन्धित शाखावाट यो मितिमा मर्मत भएको भनी सो समेत विवरण नभएकोले उक्त खर्च एकिन हुनुपर्ने रु ६१५६००।००

• भौ नं ११।०७९।३।२५ बाट तपसिल गो भौ मितिमा खरिद गरेका फर्निचर तथा कार्पेट कुशन चकटी पि फर्म कहा कुन स्थानमा वितरण गर्ने एकिन नभएको साथै सामान बुझाएको भरपाइ पेश गर्नु पर्ने १९११४७५।

| गोभौमिति | फर्मकोनाम | भुरकम |
|---|---|---|
| १५।२०७९।३।२५ | भण्डारी काष्ठ उध्योग एण्ड फर्निसिङ्ग श्रीनगर | ९२६४२९। |
| १७।०७९।३।२५ | विएस सप्लायर्स एण्ड विजि निर्माण सेवा | ९८५०४६। |
| | जम्मा | १९११४७५। |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr><tr><td>७.२.१</td><td>अनिल श्रेष्ठ</td><td>१,९०,२००</td></tr><tr><td>७.२.२</td><td>आदर्श बुक्स एण्ड स्टेशनरी सप्लायर्स</td><td>२,७३,२७५</td></tr><tr><td>७.२.३</td><td>गोवर्धन थापा</td><td>७२,११५</td></tr><tr><td>७.२.४</td><td>त्रिभुवन जन मा.वि.माल्नेटा</td><td>६,४४,३१७</td></tr><tr><td>७.२.५</td><td>न्यू उत्तम खड्का सप्लायर्स</td><td>१,४९,९३०</td></tr><tr><td>७.२.६</td><td>फर्निचर तथा कार्पेट कुशन चकटी</td><td>१९,११,४७५</td></tr><tr><td>७.२.७</td><td>मेशिनरी औजार मर्मत</td><td>६,१५,६००</td></tr><tr><td>७.२.८</td><td>शिवजन मा.वि.शा.न.पा.१</td><td>६,४४,३३८</td></tr><tr><td>७.२.९</td><td>सिमखोला टाट्के सिंचाई उ भो स</td><td>९७,०००</td></tr><tr><td>७.२.१०</td><td>सूर्योदय बहुउदेश्यीय कृषि फर्म शा न पा २</td><td>४,८५,०००</td></tr><tr><td>७.२.११</td><td>स्मार्ट ईलेक्ट्रोनिक्स घोराही दाङ</td><td>९,९४,०००</td></tr></table> | |
| ७.३ | | | **<u>अनियमित भएका व्यहोराहरु :</u>**<br>• भौ नं ३५६।०७८।१२।१५ बाट खर्च भएको रकम मध्ये विभिन्न फर्म तथा पार्टिलाइ रकम भुक्तानी गर्दा चितवन गेष्ठहाउलाइ कुन प्रयोजनको खर्चको भुक्तानी भएको विल भरपाइ केही नभएकोले सो रकम नियम संगत नभएको रु<br><table><tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr><tr><td>७.३.१</td><td>चितवन गेष्ठहाउस</td><td>२३,३१८</td></tr></table> | २३,३१८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **कानून निर्माण एवं कार्यान्वियन तर्फ :** | |
| ८.१ | | | **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ ।जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ७ वटा ऐन, ५ वटा नियमावली, १८ कार्यविधि, २ निति, ३ निर्देशिका गरी ३५ कानुन निर्माण गरेको छ । | |
| ८.२ | | | **न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ।तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी शुन्य र यो बर्ष ६ वटा उजुरी परेकोमा ५ वटा उजुरी फर्छ्यौट भएको देखिन्छ । | |
| ९ | | | **सहायता**<br>**आर्थिक सहायता** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर नगरपालिकाले यस वर्ष रु ६ लाख ७३ हजार ७०० आर्थिक सहायता वितरण गरेको छ। यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| १० | | | **अनुदान फिर्ता, वितरण र उपयोग तर्फ :** | |
| १०.१ | | | **अनुदान फिर्ता** – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको प्राप्त विवरण अनुसार २०७९ असार मसान्तसम्ममा अनुदान फिर्ता नभई अर्को आर्थिक बर्ष शुरु भएपछि मात्र फिर्ता भएको पाइयो । सोमध्ये संघिय सरकारको शसर्त तर्फको अनुदान रु ५०९२९३८।०० ढिलो गरी २०७९।६।११ मा मात्र फिर्ता गरेकाले समयमै फिर्ता गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| १०.२ | | | **अनुदानको अनुगमन** – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ।नगरपालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा विभिन्न विद्यालय तथा सहकारी संस्थाहरुलाई अनुदान खर्च लेखेको छ।कार्यालयबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन।तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **बजेट तथा कार्यक्रम तर्फ :** | |
| ११.१ | | | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा मिति २०७८।३।१० मा निति तथा कार्यक्रम र २०७८।३।१२ गते रु. ५६ करोड ६१ लाख २३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।१०।२५ मा पारित भएको छ । | |
| ११.२ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।साथै पालिकाले सभाबाट स्वीकृत कार्यक्रम र प्रदेश सरकार तथा अन्य प्रदेश कार्यालयबाट संचालित पालिका क्षेत्र भित्रको योजना तथा कार्यक्रममा दोहोरो परे नपरेको यकिन गर्न संचालित योजना तथा कार्यक्रमको दोहोरो नपर्ने गरी अभिलेख राखेको नदेखिएकोले लगत राखी दोहोरो पर्नबाट जोगाउनुपर्दछ । | |
| ११.३ | | | **स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सो को सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप २ वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एंव सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.४ | | | **अबण्डा बजेट :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणको आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणको आधारमा अबण्डा नराखी आय व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष चालु (भैपरी) तर्फ रु १५,००,०००।०० र पूँजीगत (भैपरी) तर्फ रु १५,५०,०००।०० गरी जम्मा रु ३०,५०,०००।०० अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको निर्णयबाट विभिन्न शीर्षकमा बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ११.५ | | | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ।पालिकाको यस वर्ष विभिन्न योजना संचालनको लागि बजेट व्यवस्था गरेकोमा पालिकाले दिर्घकालिन योजना छनौट तथा प्राथमिकिकरण नगरेको र अधिकांश कच्ची वाटो र कम महत्वका योजना छनौट गरी रकम खर्च गरेको देखिन्छ। दिर्घकालिन योजना छनौट तथा प्राथमिकिकरणगरी सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त गर्ने गरी योजना छनौट गरी सञ्चालन हुनुपर्दछ। | |
| ११.६ | | | **चौमासिक खर्च :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) अनुसार प्रमुख प्रशासकीय अधिकृतले नगरपालिका कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले उपलव्ध गराएको पूँजीगत शीर्षकको चौमासिक खर्च विवरण विश्लेषण गर्दा जम्मा खर्च रु २० करोड ७४ लाख ६३ हजार मध्ये तेश्रो चौमासिकमा निम्नानुसार ७१.५२ प्रतिशत खर्च भएको छ।जस अनुसार आषाढ महिनामा मात्र कूल खर्चको ४२.५९ प्रतिशत खर्च भएको देखियो।अतः आर्थिक बर्षको अन्त्यमा मात्र कार्य हुने र त्यसरी काम गर्दा अनुगमन तथा मूल्यांकन प्रभावकारी हुन नसकि कामको गुणस्तरमा असर पर्ने सक्ने हुंदा चौमासिक कार्ययोजना अनुसार कार्यसम्पादन गरिनु पर्दछ। | |

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| पूंजीगत खर्चतर्फ | २०७४६३३३९ | २०१३३४६५ | ३८९६६५५३ | १४८३६३३२१ | ८८३६९४१७ |
| **प्रतिशत** | | **९.७०** | **१८.७८** | **७१.५२** | **४२.५९** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.७ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको विवरण अनुसार २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | २९५००००० | २११२६६३० | ३.७९ |
| सामाजिक विकास | ३०३४७३००० | २६६१७५२१२ | ४७.७८ |
| पूर्वाधार विकास क्षेत्र | १८५८६२००० | १४०३३५१९० | २५.१९ |
| सुशासन र अन्तरसम्वन्धित क्षेत्र | २३००००० | १८५१४८६ | ०.३३ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १४६११४२३७ | १२७६१८४४७ | २२.९० |
| **जम्मा** | **६६७२४९२३७** | **५५७१०६९६५** | |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार बजेटमध्ये सामाजिक विकासमा सवभन्दा बढी ४७.७८ प्रतिशत र सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा सवभन्दाकम ०.३३ प्रतिशत मात्र रहेको छ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.८ | | | **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु ८६५००१२।८०, राजस्व बाँडफाँड र अनुदानबाट रु १०३५७४३४६ -समेत रु ११२२२४३५९।१२ आम्दानी भएकोमा चालु तर्फ रु ३७७८२०१०३।१६ र पूँजिगत तर्फ रु २०७४६३३३९।०० गरी रु ५८५२८३४४२।१६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.४८ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ९३४५००० खर्च भएको छ जुन आन्तरिक आयको १०८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४.५५ प्रतिशत चालु र ३५.४५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| १२ | | | **संगठन तथा कर्मचारी ब्यवस्थापन तर्फ :** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.१ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ३४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, शिक्षातर्फको अधिकृत, सिनियर डिभिजनल इन्जिनियर सहित २५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १२.२ | | | **वडा सचिवको पदपूर्ती** – पालिका अन्तर्गतका वडा कार्यालयवाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरवन्दी र पदपूर्तीको अवस्था देहाय वमोजिम रहेको छ । रिक्त पदहरुको पदपूर्ती गर्नुपर्दछ । | |

| वडा संख्या | वडा सचिवको दरवन्दी | वडा सचिवको पदपूर्ती | रिक्त वडा सचिव |
|---|---|---|---|
| १५ | १५ | ९ | ६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.३ | | | **दरवन्दीभन्दा बढी कर्मचारी**– कार्यालयमा दरवन्दी रहेको पदमा स्थायी कर्मचारी पदपूर्ति नहुँदा कार्यालयको कामकाज रोकिने अवस्था वा समस्या परेमा करारमा नियुक्ति गरेको अवस्थामा सोहि पदमा स्थायि पदपूर्ति भए हाजिर भए पश्चात सो पदमा कार्यरत कर्मचारीलाई विदाई गर्नुपर्दछ । कार्यालयले स्थायि पदपूर्ति भएको अवस्थामा पनि करारमा नियुक्ति गरेको कर्मचारीलाई तलव भत्ता भुक्तानी गरेकोले नियमसम्मत नदेखिएको रु. | १,९२३,३३० |

| सि.नं. | कर्मचारीको नाम | रु |
|---|---|---|
| १ | इ. श्री भरत बुढाथोकी | ५०३८७०।०० |
| २ | अमिन श्री दिपेश राना | ३५५९३०।०० |
| ३ | सव इ. श्री एकलाल घर्ती | ३५५९३०।०० |
| ४ | क.अ. श्री पुनम राना | ४०२६००।०० |
| ५ | स.क.अ. श्री पूर्ण चन्द्र शर्मा | ३०५०००।०० |
| | **जम्मा** | **१९२३३३०।००** |

| क्रम | कर्मचारीको/फर्म/संगठन नाम | असुली रकम |
|---|---|---|
| १२.३.१ | अमिन श्री दिपेश राना | ३,५५,९३० |
| १२.३.२ | इ. श्री भरत बुढाथोकी | ५,०३,८७० |
| १२.३.३ | क.अ. श्री पुनम राना | ४,०२,६०० |
| १२.३.४ | स.क.अ. श्री पूर्ण चन्द्र शर्मा | ३,०५,००० |
| १२.३.५ | सव इ. श्री एकलाल घर्ती | ३,५५,९३० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.४ | | | **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा १०१ जना कर्मचारीहरु करारमा राखि रु.१ करोड ९३ लाख ७८ हजार २२० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको २६ जना (माथिका ५ बाहेक) करार नियुक्ति गरी बर्षभरीमा रु. ६६ लाख १९ हजार ८६० भुक्तानी गरेको अनियमित देखिएको रु.......<br><br>क्रम \| कर्मचारीको/फर्म/संगठन नाम \| असुली रकम<br>१२.४.१ \| विभिन्न पदहरु \| ६६,१९,८६० | ६,६१९,८६० |
| १२.५ | | | **सेवा प्रवाह** – सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा २५ मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी निकायले सबैले देख्ने ठाँउमा कार्यालयले दिने सेवा र त्यसको प्रकृति, सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नु पर्ने कार्यबिधि, सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण ,सेवा प्रदान गर्न लाग्ने समयाबधि र सेवा प्राप्त गर्न कुनै दस्तुर तथा अन्य रकम लाग्ने भए सो को विवरण , खुलाई नागरिक वडापत्र राख्नु पर्ने र सो बमोजिम सेवा प्रदान गरेको अभिलेख राख्नुपर्ने ब्यवस्था छ ।कार्यालयले पेश गरेको विवरण अनुसार यस वर्ष २२७८ ब्यक्तिगत घटना दर्ता जस्ता सेवा प्रवाह गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा उल्लेखित स्थानीय निकायको काम कर्तव्य र अधिकार मध्ये अधिकांश सेवा प्रवाह गर्नुपर्ने विषयमा पूर्वाधारका कारण प्रवाह गर्न सकेको छैन । अतः जनशक्ति र पूर्वाधारको विकास गरी निकायको सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ । | |
| १३ | | | **विपद् व्यवस्थापन तर्फ :** | |
| १३.१ | | | **कार्य योजना :** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३.२ | | | **वार्षिक प्रतिवेदन :** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| १४ | | | **राहत उद्धार तथा पुनर्स्थापना (कोभिड १९) तर्फः** | |
| १४.१ | | | बजेट खर्च गर्दा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, आर्थिक कार्यविधी नियमावली २०६४, मूल्य अभिवृद्धि कर ऐन २०५२ र नियमावली २०५३, आयकर ऐन २०५८ अनुसारका प्रक्रिया अपनाउनु पर्दछ । ऐन नियमको प्रावधान पालना नभएको देखिएकोमा संकटको समयमा सवारी साधन नचल्ने व्यापार व्यवसाय नखुल्ने र समस्या भई तुरुन्तै खर्च गर्नुपर्ने भएकोले नियमका व्यवस्था पालना हुन नसकेको पालिकाको भनाई रहेको छ । यस पालिकाले कोरोना रोकथाम र व्यवस्थापनमा रु ९२७६९६।०० खर्च गरेको छ । | |
| १४.२ | | | यसबर्ष कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागी भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छ । | |

| **आम्दानी स्रोत** | **रु** | **खर्च** | **रु** |
|---|---|---|---|
| गत वर्षको बाँकी | ३९७११३ | राहत वितरण | ० |
| अन्य श्रोतवाट | ० | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | ० |
| संघिय कोभिड कोषबाट | ० | आइशोलेशन निर्माण उपकरण खरिद | ० |
| प्रदेश कोभिड कोषबाट | ० | जनशक्ती परिचालन | ० |
| आन्तरिक श्रोतवाट | १०००००० | औषधि उपकरण खरिद | ९२७६९६ |
| | | यातायात तथा इन्धन | ० |
| | | **बाँकी** | ४६९४१७ |
| **जम्मा** | **१३९७११३** | **जम्मा** | १३९७११३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **सम्पत्ति व्यवस्थापन** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.१ | | | **सम्पती हस्तान्तरण :** स्थानीय सरकार संचालन ऐन,2074 को दफा 97, 98 र 104 अनुसार विषयगत कार्यालयको चल अचल सम्पति ,दायित्व तथा अभिलख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पतिको अभिलेख तथा जिन्सी लगत खाता 2075 असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पतिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्यूटर, ल्यापटप, प्रिन्टर, मोबाइल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजानाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अध्यावधिक गर्नुपर्दछ। | |
| १५.२ | | | **सार्वजनिक जग्गा संरक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नु पर्दछ । | |
| १६ | | | **विद्यालयको जिन्सि व्यवस्थापन :**<br>विद्यालय लेखांकन दिग्दर्शन, २०७६ को खण्ड ८ मा जिन्सि मालसामान तथा सम्पत्ति व्यवस्थापनको बारेमा उल्लेख छ । विद्यालयको जिन्सि मालसामान भौतिक सम्पत्तिहरुको सुरक्षाको व्यवस्था गर्ने प्रमुख दायित्व विद्यालय व्यवस्थापन समिती र प्रधानाध्यापकको हुने, विद्यालयले आफुसँग भएका सवै जिन्सि मालसामान तथा सम्पत्तिहरुको अभिलेख राख्दा खर्च भएर जाने र नजाने मालसामान वा सम्पत्तिको अभिलेख छुट्टाछुट्टै राख्ने, यस्ता मालसामानहरुको अभिलेखका लागी छुट्टाछुट्टै पानामा लेखांकन गर्नुपर्ने र सो को अभिलेखांकन अनुसूचि ३ को फाराम नं ३२ अनुसार हुने व्यवस्था गरेको छ । पालिका अन्तर्गतका विद्यालयहरुको लागी पालिकाबाट हस्तान्तरण भएका खप्ने मालसामानहरुको दाखिला प्रतिवेदनमा जिन्सि खातापाना नं १ राखि पालिकामा पेश गर्ने गरेको पाइयो । यसरी पालिकाबाट बर्षैपिच्छे मालसामान विद्यालयलाई खरीद विलको आधारमा अनुदान दिने र पालिकाबाट जिन्सि अभिलेख राखे नराखेको सम्वन्धमा अनुगमन गरेको देखिएन । जसबाट विद्यालयको सम्पत्ति संरक्षण र उपयोग सम्वन्धमा विश्वसनीय आधार भएन । यस सम्वन्धमा पालिकाबाट आवश्यक छानविन गरी जिन्सि श्रेस्ता अद्याबधिक गराई सम्पत्तिको संरक्षण गराउनुपर्दछ । | |
| १७ | | | **पदाधिकारी सुविधा तर्फ :** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१७.१</td><td></td><td></td><td>
स्थानीय तहका पदाधिकारी सुविधा : नेपालको संविधानको धारा २२७ मा गाँउसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाको सम्बन्धमा प्रदेश कानुन बमोजिम हुने व्यवस्था अनुसार कर्णाली प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट देहायबमोजिम रु ९३,४५,०००।०० सुविधाबापत भुक्तानी भएको छ ।
<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>नगरप्रमुख</th><th>नगर प्रमुख</th><th>वडाअध्यक्ष १५ जना</th><th>कार्यपालिका सदस्य ८ जना</th><th>सभाका सदस्य ५१ जना</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>टेलिफोन, मोबाइल</td><td>०</td><td>३०००</td><td>४५०००</td><td>१२०००</td><td>५१०००</td><td rowspan="11">९३,४५,०००</td></tr>
<tr><td rowspan="2">२</td><td>पुस्तक, पत्रिका</td><td rowspan="2">३०००</td><td rowspan="2">३०००</td><td rowspan="2">४५०००</td><td rowspan="2">१२०००</td><td rowspan="2">५१०००</td></tr>
<tr><td>इन्टरनेट</td></tr>
<tr><td>३</td><td>अतिथि सत्कार</td><td>५०००</td><td>५०००</td><td>७५०००</td><td>१२०००</td><td>५१०००</td></tr>
<tr><td>४</td><td>अनुगमन खर्च</td><td>१८०००</td><td>१४०००</td><td>१२००००</td><td>४००००</td><td>१२७५००</td></tr>
<tr><td rowspan="2">५</td><td>खानेपानी/बिजुली</td><td rowspan="2">५०००</td><td rowspan="2">४०००</td><td rowspan="2">३००००</td><td rowspan="2">१२०००</td><td rowspan="2">२५५००</td></tr>
<tr><td>सरसफाइ</td></tr>
<tr><td>६</td><td>विधुत तथा उर्जा</td><td>४०००</td><td>३०००</td><td>१५०००</td><td>४०००</td><td>२५५००</td></tr>
<tr><td></td><td>मासिक जम्मा</td><td>३५०००</td><td>३२०००</td><td>३३००००</td><td>९२०००</td><td>३३१५००</td></tr>
<tr><td colspan="2">बार्षिक (१० महिना र चाडपर्व सहित)</td><td>३६५०००</td><td>३३५०००</td><td>३५२५०००</td><td>१०४००००</td><td>४०८००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१७.२</td><td></td><td></td><td>स्वकीय सचिव र प्रेस सल्लाहकार : कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन, २०७५ को अनुसुची १ र २ मा यस प्रदेशका स्थानीय तहका प्रमुख तथा उपप्रमुखले स्वकीय सचिव र प्रेस सल्लाहाकार राख्न पाउने व्यवस्था गरेको छैन । त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नुहने उल्लेख छ । तर नगर प्रमुखको स्वकीय सचिवको रुपमा तलब भत्ता भुक्तानी हुनेगरी श्री मोहन कुमार शर्मालाई नियुक्त गरी चैत्र मसान्तसम्म मासिक तलब रु ३०२००/- का दरले चाडपर्व तथा पोशाक सहित रु ४०२६००/- र प्रेस सल्लाहाकारका रुपमा श्री यादव उपाध्यायलाई मासिक रु २८३००/- का दरले चाडपर्व तथा पोशाक सहित रु ३७७९००/- समेत कुल रु ७८०५००/- खर्च लेखेकोले नियमसम्मत नदेखिएको रु</td><td>७८०,५००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **उपभोक्ता समिति कार्य** | |
| १८.१ | | | **जनश्रमदानः** उपनियम (६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको मुल्याङ्कन, बिल भरपाई र खर्च गर्ने अन्य कागजात समितिवाट अनुमोदन गराई पेश गर्नुपर्ने र उपनियम(११) अनुसार सम्वन्धित निकायवाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरीएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण पेश गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाबाट संञ्चालित अधिकांस कार्यहरू उपभोक्ता समितिबाट गराएको र समितिले जनसहभागिता जुटाएको कुनै प्रमाण पेश गर्ने गरीएको छैन।प्राविधिक मुल्याकनमा देखाईएको रकम मध्ये नगरपालिकावाट व्यहोर्ने रकम कटाई बाँकी रकम मात्र श्रमदान भनी उल्लेख गर्ने गरीएको छ ।उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा सम्भौतामा तोकिए अनुसार जनश्रमदान जुटाई सोको अभिलेख राख्नुपर्दछ । | |
| १८.२ | | | **अधुरो भवन निर्माण कार्य :** सार्वजनिक निकायले सार्वजनिक श्रोत परिचालन गरी भवन लगायतका संरचना निर्माण गर्दा पालिकाको जग्गा वा सार्वजनिक प्रयोजनमा रहेको जग्गामा निर्माण गर्नुपर्ने, आबश्यकता र प्राथमिकताको आधारमा योजना संचालन गर्ने र योजनाको प्राथमितीकरण गर्नुपर्नेमा पालिकाले नक्सापास नगरी, आंशिक रुपमा योजना तयार गर्ने र त्यसैलाई सम्पन्न् देखाई, आंशिक मात्र निर्माण गर्दा पछि वेवारिशे हुनसक्ने एबं आंशिक रुपमा निर्माण हुने संरचनामा क्षति पुग्न जाने अवस्थाललाई ख्याल नगरेको, त्यस्ता संरचना विगतमा अन्य सरकारी एबं गैरसरकारी निकायको लागत सहभागितामा रहेको अवस्थामा त्यस्ता निकायसँग समन्वय गरेको अभिलेख नराखेको, भवन निर्माण जस्तो जटिल र अनुगमन गरिरहनुपर्ने एबं प्राविधिक प्रकृतिको निर्माण कार्यमा समेत उपभोक्ता समिती गठन गरी उपभोक्ता समिती मार्फत कार्य गराएको कारण सामुदायिक भवन, मन्दिर, मदरसा तथा अन्य सार्वजनिक प्रकृतिको भवन एबं कम्पाउण्डवालको निर्माण गुणस्तरिय छन् र प्रकृया पारदर्शिता छ भन्न सकिने अवस्था छैन । तसर्थ सार्वजनिक संरचना निर्माण गर्दा सार्वजनिक स्थान, नक्सा ड्रइंग, डिजाइन, नक्सा पास गरी पूर्ण संरचना निर्माण हुने सुनिश्चितता गरी एकिकृत लागत अनुमान, नापी किताव, कार्यसम्पन्न अवस्था र सार्वजनिक प्रयोगको सुनिश्चितता गरी पर्याप्त अनुगमन र सम्वन्धित क्षेत्रकै उपभोक्ताको अर्थपूर्ण संलग्नता हुने गरी निर्माण गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १८.३ | | | **हेभी ईक्विपमेन्ट प्रयोगः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ को उपनियम ९ मा उपभोक्ता समितिवाट संञ्चालित निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर जस्ता हेभी ईक्विपमेन्ट प्रयोग गर्न नहुने व्यवस्था छ ।उपभोक्ता समितले निर्माण गरीएका सडकहरू खन्ने कामको विल पेश गर्दा निर्माण व्यवसायीबाट एक्साभेटर तथा डोजर भाडामा लिएको देखाई मुल्य अभिवृद्धि कर विजक पेश गर्ने गरेको र कार्यालयले विल भुक्तानी गरेको पाईयो ।कानुन अनुसार उपभोक्ताको कार्यमा निर्माण व्यवसायीलाई संलग्न गर्न नमिल्नेमा उपभोक्ता समितिले सवै कार्यमा एक्साभेटरको प्रयोग देखाई निर्माण व्यवसायीको बिल पेश गरी भुक्तानी लिएको कानुन सम्मत देखिदैन । | |
| १८.४ | | | सव कन्ट्याक्टरबाट काम गराएको : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले निम्नानुसार सडक निर्माणको काम आफै गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यवसायीबाट काम गराएको देखियो । पालिकाले यस बर्ष निम्नानुसारका नयाँ ट्र्याक खोल्ने र सडक बिस्तार गर्ने कार्य मेशिनबाट गर्नेगरी उपभोक्ता समितिसँग सम्झौता गरी भुक्तानी गरेकोमा सम्झौतामा डोजर, रोलर लगायतका मेशिनरी भाडामा १० प्रतिशत भाडाकर लाग्ने भनेकोमा भाडाकर | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | असुल गरेको छैन ।उपभोक्ता समितिले सम्पन्न कार्यको प्रयोग गरेको मेशिनको क्षमता उल्लेख नगरी जिल्ला दररेट अनुसारको प्रति घण्टा कार्य गरेको समयमात्र उल्लेख भएको निर्माण ब्याबसायिको कर बिजक पेश गरेको छ।जसबाट कार्यालयले सम्झौता तथा मुल्यांकन गरेको परिमाण र उपभोक्ताले पेश गरेको निर्माण ब्याबसायिको कर बिजकमा उल्लेख भएको बकेट ब्रेकरको घण्टा अनुसार भएको कार्य परिमाण बिजकमा उल्लेख नभएकोले बास्तबिक कार्य परिमाण एकिन गर्न सक्ने स्थिती छैन । साथै उपभोक्ता समितीले लिएको काम र मेशिन भाडामा लिदा लागत अनुमानकै हाराहारीको रकम भुक्तानी भएकाले निर्माण व्यवसायीविच प्रतिस्पर्धा नभएकोले थप व्ययभार परेको समेत देखिन्छ ।उपभोक्ता समितिले पालिकासँग सम्झौता गरी कामको जिम्मेवारी लिने, आफुले लिएको पुरै काम पुन निर्माण व्यवसायीसँग सम्झौता गरी कार्य गराउदा नियमावलीमा भएको व्यवस्था विपरित देखिएकाले काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिस कर्ता एवं अनुगमन कर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनुपर्दछ । | |

| गो.भौ नं/मिति | उपभोक्ताको नाम | भुक्तानी रकम | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| ३४२।०७९।१।८ | भित्रिखोला मोटरवाटो निर्माण उ.स. | ६७८५०४ | आर.जी. कन्स्ट्रक्सन | ७०११६५ |
| ३६६।०७९।१।२२ | रिहाबोट हुँदै स्वास्थ चौकी सडक निर्माण उ.स. | ५७८७६८ | जय बागेश्वरी कन्स्ट्रक्सन प्रा.लि. | ५९८३३५ |
| ३६७।०७९।१।२३ | सिउरे मोटरवाटो निर्माण उ.स. | ९६९७०३ | जुनिकिरी कन्स्ट्रक्सन प्रा.लि. | १०००००५० |
| ४७४।०७९।३।३० | लालि गैरादेखि चुडमणि पोखरा सडक निरेमाण उ.स. | २५२२३० | कोशेढुंगा कन्स्ट्रक्सन प्रा.लि. | ८०२३० |
| ४३९।०७९।३।१६ | पन्नचौर हुँदै गैराटोल मोटरबाटो उ.स. | २९१००० | मेघराज कन्स्ट्रक्सन इनर्जी एण्ड सप्लायर्स | २००१०७ |
| ४७५।०७९।३।२० | भैगारचौर छेरा मोटरवाटो निर्माण उ.स. | २७७५९२ | दुर्गादेवी निर्माण सेवा | २२२७७० |
| १२३।।०७८।१०।५ | अधेरीखोला मोटरबाटो निर्माण उ.स. | ४८४२३६ | विवेक कन्स्ट्रक्सन एण्ड सप्लायर्स सेवा | ५००३६४ |
| १०५।०७८।९।२३ | जोलीपिपल डाडा सिमफेदी हुँदै रातमाटा जोड्ने मोटरबाटो मर्मत उ.स. | ५७८९७७ | मुकेश कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | ६००२५६ |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ४१३।०७९।३।२ | जनजाग्रिती भवन मर्मत तथा फिल्ड निर्माण उ.स. | १९१७६४ | गौरी निर्माण सेवा प्रा.लि. | १००२७६ |
| | **जम्मा** | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **बढी भुक्तानी** | |
| १९.१ | | | भौ.नं. ८।०७९।३।२० बाट प्रदेश सरकार सशर्त कार्यक्रम अन्तर्गत श्रीनगर बजार संरक्षण पर्खाल निर्माण वापत श्रीनगर बजार संरक्षण पर्खाल निर्माण योजना समितिलाई रु १४५४३६६।०० भुक्तानी गरेको छ । लागत अनुमानमा १:२:४ पिसिसि फर आरसिसि कार्यमा प्रति क्यूफिट रु १२३७२।०० का आधारमा सम्झौता भएकोमा भुक्तानीका बखत रु. १२८७०।०० भुक्तानी भएकाले रु. ४९८ का दरले ७५.९० क्यूफिटको बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु. | ३७,७९८ |
| १९.२ | | | सुनटाकुरा थापाटोल मोटरवाटो उपभोक्ता समितीलाइ मेशिन प्रयोग गरी बाटो खन्दा कडा चट्टान भेटिएको भनी भेरियशन अर्डर भनी सम्झौताभन्दा भौ.नं. ४८२।०७९।३।२१ बाट रु. १,९१,९१५।०० बढी भुक्तानी दिएकाले असुल गर्नुपर्ने रु. | १९१,९१५ |
| १९.३ | | | भौ.नं. ९।०७८।१२।१७ बाट थाँग्रे खोला स्टिल पुल निर्माण उपभोक्ता समितीलाई पुल जडान तथा निर्माण गरे वापत प्रथम रनिग विलको रु ८५६६६२।०० भुक्तानी गरेको छ । तर सिलवन्दी दरभाउपत्र नं. २।०७८।७९ को उक्त पुलका लागी सामान खरिद गर्न सूचना प्रकाशन भएकोमा कसैले दरभाउपत्र नहालेकाले ठेक्का सम्झौता हुन सकेको देखिएन । ठेक्का सम्झौता नभएको र सामान खरिद नै नभएको अवस्थामा पुल निर्माण भएको भनी उपभोक्ता समितीलाइ भुक्तानी दिएको सम्वन्धमा छानविन गरी यकिन गर्नुपर्ने देखिएको रु | ८५६,६६२ |
| २० | | | **कर विजक**<br>मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १४ र ८ मा मूल्य अभिबृद्धि करमा दर्ता भएका प्रत्येक व्यक्तिले आफुले कुनै बस्तु तथा सेवाको आपुर्ति गर्दा तोकिए बमोजिमको विजक जारी गर्नुपर्ने र मूल्य अभिबृद्धि कर योग्य बस्तु तथा सेवा विक्रिमा मूल्य अभिबृद्धि कर असुल गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितीहरुमार्फत नियमानुसारको मोटरबाटो निर्माण कार्य निर्माण व्यवसायिबाट मेशिनको दरले लागत अनुमान गरी कार्य गराएकोमा प्राविधिक मूल्यांकन बमोजिमको कर विजक पेश गर्नुपर्नेमा घटी रकमको विजक पेश गरेका देखिएकोले मूल्यांकन अनुसारको कर विजक पेश गरी मूल्य अभिबृद्धि कर दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु. | १,१५९,७७७ |

| **भौ.नं. मिती** | **योजनाको नाम** | **निर्माण व्यवसायी** | **बिजक रकम** | **प्राविधिक मूल्यांकन** | **घटी कर विजक** |
|---|---|---|---|---|---|
| ३४२।०७९।१। | भित्रिखोला मोटरवाटो निर्माण उ.स. | आर.जी. कन्स्ट्रक्सन | ७०११६ | ८४४८०० | १४३६३५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८ | | | ५ | | | |
| | | | ३६६।०७९।१।२२ | रिहाबोट हुँदै स्वास्थ चौकी सडक निर्माण उ.स. | जय बागेश्वरी कन्स्ट्रक्सन प्रा.लि. | ५९८३३५ | ६८०४४५ | ८२११० | |
| | | | ७४।०७८।९।६ | प्रधानमन्त्री रोजगार कार्यक्रमबाट खनेका विग्रेका बाटाहरु मर्मत सुधार उपभेक्ता समिती | मुकेश कन्स्ट्रक्सन प्रा.लि. | ४९९३४७ | ५९९९३७ | १००५९० | |
| | | | ३६७।०७९।१।२३ | सिउरे मोटरवाटो निर्माण उ.स. | जुनिकिरी कन्स्ट्रक्सन प्रा.लि. | १००००५० | ११७५५३७ | १७५४८७ | |
| | | | ४७४।०७९।३।३० | लालि गैरादेखि चुडमणि पोखरा सडक निरेमाण उ.स. | कन्स्ट्रक्सन प्रा.लि. | ८०२३० | २५२२३० | १७२००० | |
| | | | ४३९।०७९।३।१६ | पञ्चौर हुँदै गैराटोल मोटरबाटो उ.स. | मेघराज कन्स्ट्रक्सन इनर्जी एण्ड सप्लायर्स | २००१०७ | ३३७६५९ | १३७५५२ | |
| | | | ४७५।०७९।३।२० | भैगारचौर छेरा मोटरवाटो निर्माण उ.स. | दुर्गादिवी निर्माण सेवा | २२२७७० | ३१६८७४ | ९४१०४ | |
| | | | १२३।।०७८।१०।५ | अधेरीखोला मोटरबाटो निर्माण उ.स. | विवेक कन्स्ट्रक्सन एण्ड सप्लायर्स सेवा | ५००३६४ | ५७४३७६ | ७४०१२ | |
| | | | १०५।०७८।९।२३ | जोलीपिपल डाडा सिमफेदी हुँदै रातमाटा जोड्ने मोटरबाटो मर्मत उ.स. | मुकेश कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | ६००२५६ | ६५५९८० | ५५७२४ | |
| | | | ४१३।०७९।३।२ | जनजाग्रिती भवन मर्मत तथा फिल्ड निर्माण उ.स. | गौरी निर्माण सेवा प्रा.लि. | १००२७६ | २२४८३९ | १२४५६३ | |
| | | | | **जम्मा** | | | | **११५९७७७** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **उपभोक्ता समिति तर्फ :** | |
| २१.१ | | | **उपभोक्ता समितिः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ मा रू १ करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्वन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट गराउन सकिने व्यवस्था रहेको छ ।गाउपालिकाले वित्तिय समानीकरण अनुदान तर्फका अधिकांश निर्माण कार्यहरु उपभोक्ता समितिबाट गराइएको छ । दीर्घकालिन सोच अनुरुप योजनाहरुको डिपिआर तयार गरी सो अनुरुप बजेट विनियोजन नगरी प्रत्येक वर्ष टुक्रा टुक्रा लागत अनुमान तयार गरी बजेट विनियोजन गर्ने गरिएको छ । यसले गर्दा एकातर्फ बजेट छरिएर प्रबाह हुँदा योजनाको प्रतिफल गुणस्तरिय ढंगवाट हासिल नहुने र अर्कोतर्फ सार्वजनिक खरिद ऐन तथा नियमाबलीको पालना हुन नसकेको अवस्था छ । निम्न योजनाको लागत अनुमान १ करोड भन्दा बढी रहेको र भवन निर्माणजस्तो जटिल कार्य उपभोक्ता समितिबाट कार्य गराएकाले सार्वजनिक खरिद ऐन प्रतिकुल रहेको देखिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमको प्रतिस्पर्धात्मक प्रकृया अवलम्वन गरी निर्माण कार्य हुनुपर्दछ । | ३,००५,९७८ |

| भौ.नं. मिती | निर्माणकर्ताको नाम | स्थान | कुल लागत अनुमान | टुक्रे लागत अनुमान | भुक्तानी |
|---|---|---|---|---|---|
| **(क) त्रिभुबन जन माध्यमिक विद्यालय (नमूना विद्यालय)** | | | | | |
| ११।०७८।१२।२४ | विद्यालय भौतिक पूर्वाधार निर्माण | शारदा-२,सल्यान | ६३,९०,२६,०९४ | ६९,८८,०४४ | ६५,००,००० |

भवन निर्माण समेतको कार्यलाइ बजेटको आधारमा बर्षेनि लागत अनुमानलाइ टुक्रा टुक्रा बनाइ लाभग्राहि समूहवाट भवन तथा संरचनाको निर्माण गरेको देखिन्छ । सम्झौतामा पछिल्लो ५० प्रतिशत भुक्तानीको सन्दर्भमा संरचनाको कार्य पुरा भएपछि मात्र ३० प्रतिशत र कार्यसम्पन्न प्रतिवेदन पेश भएपछि बाँकी २० भुक्तानी दिने उल्लेख भएपनि उक्त कार्यहरु सम्पन्न नै नभएको अवस्थामा ९३ प्रतिशत भुक्तानी भैसकेको देखिन्छ । सम्झौतामा समितीले १० प्रतिशत जनश्रमदान गर्ने उल्लेख भएपनि जनश्रमदान गरेको पाइएन । साथै बालुवा लगायतका सामाग्री दांग र क्रसरको बालुवा ल्याएको संलग्न कागजातमा देखिएपनि उक्त विद्यालयको स्थलगत निरीक्षण गर्दा स्थानिय वालुवाको प्रयोग गरेकोले भुक्तानी अनुरुपको गुणस्तर रहेको नदेखिएको, भवन निर्माणका काम निर्माणाधिन अवस्थामा नै रहेको, प्लस्टर र गारो लगायत संरचनाको अवस्था कमजोर रहेकोले गुणस्तरको पक्ष कमजोर रहेको देखिन्छ । सो सम्वन्धमा छानविन गरी संरचनाको कार्य पुरा नभएकै अवस्थामा सम्झौतामा भए बेगरको बढी रकम अग्रिम भुक्तानी (४३ प्रतिशत) भएकाले कार्यसम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने रु

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | |   | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | |  | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | |  | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१.२</td><td></td><td></td><td>प्राविधिक बिल र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२१.३</td><td></td><td></td><td>लागत सहभागिता — पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२१.४</td><td></td><td></td><td>मर्मतसंम्भारः नियम ९७ ३ (घ) मा उपभोक्ता समितिवाट सम्पन्न निर्माण कार्यको मर्मत संभार उपभोक्ता समितिले गर्नु पर्ने, उपनियम १० मा कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व समेत हस्तान्तरण उपभोक्तालाई गर्नुपर्ने उल्लेख छ ।यस पालिकाले उपभोक्ता समिति मार्फत संञ्चालन गरीएका निर्माण कार्यहरू कुनैपनि हस्तान्तरण गरेको नदेखिएको र गत विगतमा कार्य सम्पन्न गरीएका कार्यहरूको उपभोक्ताले मर्मत संम्भार पनि गरेको देखिएन ।कानुनत तोकिएको अवस्था सम्झौतामा समावेस गरी लाभग्राही वा उपभोक्ता समितिले संचालन गरेका योजनाहरू सोही उपभोक्ता समिति बाट मर्मत सम्भार र रेखदेख गर्ने व्यवस्था गरी स्थानीय उपभोक्तालाई स्वामित्व हस्तान्तरण गरी हरेक वर्ष मर्मत संम्भारमा बढ्दै गएको सरकारी खर्चलाई नियन्त्रण गरीनु पर्दछ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>स्वास्थतर्फ<br>औषधि खरिद - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा विस लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले रु. १९९६१७५।०० को औषधि खरिद सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गरेपनि निम्नानुसार रु. २४८०५५७।०० को औषधि सोझै खरिद गरेको पाइयो ।<br><table><tr><th>भौ.नं. मिती</th><th>फर्मको नाम</th><th>रु</th><th>खरिदको प्रकार</th></tr><tr><td>४६।०७८।६।१५</td><td>त्रिदेव मेडिसिन डिस्ट्रिव्यूटर्स तथा युनिक फर्मा</td><td>१९९६१७५</td><td>सिलवन्दि दरभाउपत्र</td></tr></table></td><td></td></tr>
</table>


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २२८।०७८।९।२२ | कुमाख सर्जिकल हाउस | ५००००० | सोझै | | |
| | | | | ३५१।०७९।१।१४ | यूनिक फर्मा | ४९९७१५ | सोझै | | |
| | | | | २८६।०७९।३।२५ | राप्ती सर्जिकल हाउस | ४८१२६७ | सोझै | | |
| | | | | २७९।०७९।३।२५ | सूवर्ण मेडिसिन सप्लायर्स | ९९९५७५ | सोझै | | |
| | | | | **जम्मा** | | **४४७६७३२** | | | |
| | | | वोलपत्रबाट खरिद गर्नुपर्नेमा सिलवन्दी दरभाउपत्र र सोझै खरिद गरिएको देखिन्छ । बोलपत्रबाट खरिद नगरिएकाले खरिद प्रक्रिया मितव्ययि र प्रतिस्पर्धात्मक देखिएन । यस सम्वन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार रहेका छन् ।<br>• आपुर्ति हुने औषधि डव्लु.एच.ओ. को सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिती, व्याच नं. र म्याद समाप्त मिती उल्लेख गरि सम्वन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको ताथ औषधि विक्रीको लागी होइन भन्ने खुलाएको प्रमाण समावेश नभएको।<br>• आपूर्ति भएका औषधि एबम् सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्वन्धमा यकिन गर्न सकिएन<br>• औषधिको जिन्सि कितावमा आम्दानी बाध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको<br>• औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनुपर्नेमा एकमुस्ट घटाउने गरेको<br>• पालिकाले विभिन्न स्थास्थचौकिहरुलाई औषधि वितरण गरेकोमा औषधिवाइज भिडान हुने विवरण तयार नगरेको र स्थास्थचौकिले वितरण गरेको विवरण पेश भएको छैन ।<br><br>औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक बर्षको अन्तमा बाँकी रहेको औषधिहरुको जिम्मेवारी जिन्सि अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | | | | | | |
| २३ | | | **मुख्यमंत्री रोजगारतर्फ** | | | | | | |
| २३.१ | | | **अनुगमनः** कर्णाली प्रदेश मुख्य मन्त्री रोजगार कार्यक्रम सन्चालन कार्यबिधि, २०७८ को दफा १७ मा मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, बिषयगत मन्त्रालय, कर्णाली प्रदेश योजना आयोग, जिल्ला समन्वय समिति, सम्बन्धित स्थानिय तह र बिषयगत कार्यालयले कार्यक्रमको अनुगमन तथा मुल्यांकन गर्ने ब्यबस्था छ ।यस बर्षका योजना सम्बन्धित स्थानिय तह बाहेक कार्यबिधिले तोकेका निकायबाट अनुगमन मुल्यांकन गरी प्रतिबेदन दिएको देखिएन। कार्यबिधि अनुसार कार्यक्रमको पारदर्सिता र प्रभावकारीकताका लागी अनुगमन हुनुपर्दछ । | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३.२ | | | **सहभागिताः** कर्णाली प्रदेश मुख्य मन्त्री रोजगार कार्यक्रम सन्चालन कार्यबिधि, २०७८ को दफा ५ मा आयोजना छनौट गर्दा स्थानियस्तरमा सृजना हुने रोजगारी तथा स्थानिय सामाग्रीको प्रयोग युवा, महिला, दलित र बिपन्न समुदायको रोजगारी प्रबर्द्धन हुने अधिकतम प्रतिशतको लागत साझेदारी हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने ब्यबस्था छ ।पालिकाले यस बर्ष छनौट गरेका योजनामा उक्त लागत साझेदारी सुनिश्चित हुने आधार, गत विगतमा कार्य भएको अभिलेख, तथ्यांक तथा लगत राखेको देखिएन। यसले गर्दा कार्यमा दोहोरोपन नभएको र अपेक्षित नतिजा प्राप्त भएको छ भन्न सक्ने अवस्था छैन ।दफा ४ मा योजना माग गर्दा र कार्यान्वयनमा एकाघर परिबारका तथा सो ब्याक्तिले अन्य आयोजना माग गर्न नपाउने ब्यबस्था रहेकोले छनौट भएका योजनाका लाभग्राही लक्षित समुहका र एकाघरका नभएको एकिन गर्ने आधार तय गर्नुपर्दछ। | |
| २३.३ | | | **अग्रिम आयकर:** आयकर ऐन, २०५८ को दफा नं ८९ क मा मूल्य अभिबृद्धि कर बिजकको भुक्तानीमा १.५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने र दफा ८७, ८८ र ८९ अनुसार मूल्य अभिबृद्धि कर दर्ता नभएको व्यक्ति वा फर्मलाई भुक्तानी गर्दा १५ प्रतिशत अग्रिम कर कट्टी गरेर मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाको सक्षम सप्लायर्सलाई भौ नं ७१० मिती २०७९।५।१० बाट रु ९०२००।०० भुक्तानी गरेकोमा प्यान विलबाट भुक्तानी गरेकाले अनियमित देखिएकोमा सो भुक्तानीमा १.५ प्रतिशत मात्र कर कट्टी गरी भुक्तानी गरेकोले १३.५ प्रतिशतले हुने कर नपुग कर असुल गर्नुपर्ने रु | १२,१७७ |
| २४ | | | **प्रशासनिक खर्च :** | |
| २४.१ | | | कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कार्यक्रम : कर्णाली प्रदेश सरकारको सशर्त अनुदान तर्फ सुत्केरी पोषण कोशेली कार्यक्रममा प्रत्येक सुत्केरी आमाहरुलाई रु २०००।०० ले प्रोत्साहन दिने व्यवस्था छ । गो.भौ.नं. २, २०७९।३।२० वाट सो कार्यक्रममा रु १०६०००।०० खर्च भएकोमा सोमध्ये कमल वलीलाई रु २६०००।०० भुक्तानी दिएकोमा सुत्केरी आमाहरुको विवरण संलग्न राखेको छैन ।वितरण गरेको भर्पाइ पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | २६,००० |
| २४.२ | | | गो.भौ.नं. ६६, २०७८।९।१४ बाट उद्यम विकास सहजकर्ता भर्ना गर्दाको विशेषज्ञ सेवा सुविधा बापतको रकम लघुउद्यम सहजकर्ता इश्वरी गौतम लाइ रु १७७४६।०० भुक्तानी गरिएको छ ।निज कुन विषयको विषयविज्ञ हो सोको प्रमाण संलग्न गरिएको छैन र निजले गरेको कार्यको विवरण समेत समावेश नगरी भुक्तानी गरेको रकम असुल हुनुपर्ने रु | १७,७४६ |
| २४.३ | | | फोहोरमैला व्यवस्थापनका लागी भनि मिशन टु डेभलप कम्यूनिटीलाइ ३९९९९९।०० र ३०००००  गरि रु ६९९९९९।०० भुक्तानी दिएको । उक्त रकम फोहोर व्यवस्थापनमा संलग्न कर्मचारीको तलवमा समेत भुक्तानी गरेको देखिन्छ । संस्थाले नागरिकवाट आफैले फोहोर व्यवस्थापन शुल्क उठाउने गरेको हुँदा खर्चको प्रवन्ध पनि सोहि संस्थाले व्यवस्थापन गर्नुपर्नेमा पालिका आफैले तलव दिएर संस्थालाइ भुक्तानी दिनुको आधार र आबश्यकता पुस्टि नभएको रु | ६९९,९९९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २५ | | | **प्रशासनिक खर्च :**<br>व्यक्तिगत खर्च : स्थानीय सरकार संचालन ऐन, २०७४ मा पालिकाले आर्थिक सहायताको रुपमा कार्यक्रमिक सहयोग गर्न नहुने तथा आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा खर्च भएका सबै विल भरपाई सहितको लेखा राख्नुपर्ने र कुनै व्यक्ति विशेषलाई फाईदा हुने निकासा दिन नहुने व्यवस्था छ। पालिकाले भौ.नं. २६३।०७८।१०।२० वाट वाट श्री एकराज डागीलाइ नगरप्रमुखको तोक आदेशमा कार्यालय व्यवस्थापनका लागी रु २००००।०० आर्थिक सहयोग गरेको भनी भुक्तानी दिएको छ ।व्यक्तिले व्यक्तिगत प्रयोजनका लागी गरेका खर्चहरु पालिकाबाट भुक्तानी लिएको देखिएको र कार्यालयको प्रयोजनमा प्रयोग भएको नदेखिएकाले निजवाट असुल गर्नुपर्ने रु | २०,००० |
| २६ | | | **कन्टिन्जेन्सी खर्च अभिलेख**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ।कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम कट्टा गर्ने गरेको देखिएतापनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन।यसबाट कन्टिन्जेन्सी खर्च एकिन गर्न सकिएन।नियमावलीमा ब्यवस्था भए बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ। | |
| २७ | | | **मर्मत संभार** | |
| २७.१ | | | **मर्मत सम्भार तथा संरक्षण आदेश :** कार्यालयले सम्पतिको समयमै मर्मत, सम्भार गरि प्रयोगमा ल्याउने, उक्त मर्मत सम्भार तथा संरक्षण खर्चलाई तुलनात्मक विश्लेषणको आधारमा विश्लेषण गर्न कुनै सम्पत्तिलाई मर्मत गर्नुअघि मर्मत सम्भार तथा संरक्षण आदेश म ले प फा नं ४१४ स्विकृत गर्नुपर्दछ । सवारी मर्मतमा पालिकाले रु २०४९१९०।०० खर्च गरेको छ । कार्यालयले सम्पत्तिको मर्मत गर्दा उल्लेखित व्यवस्था पालना गर्नुपर्दछ । | |
| २७.२ | | | **पिटौली खर्चः** पालिकाले यसवर्ष सडक मर्मत सम्भारकर्ताहरुको पारिश्रमिकमा रु ७१२०८००।०० खर्च गरेको छ । ती संभारकर्ताहरुलाइ काहा काहा खटाइएको हो, कुन कुन सडक मर्मत सम्भार भयो, कुन क्षेत्रको कामको जिम्मेवारी दिइएको थियो लगायतका कुनै पनि विवरण र कार्य जिम्मेवारी संलग्न नै नगरी भुक्तानी दिएको छ । पालिकाले अधिकांश सडकको कार्य टुक्रा टुक्रा गरि उपभोक्ता समिती मार्फत गराएको हुँदा खर्चको आधार र औचित्य पुस्टि हुन सकेको छैन । | |
| २८ | | | **प्रशासनिक खर्च :** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८.१</td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन, २०७४ मा पालिकाले पूँजी निर्माण हुने पूँजीगत कार्यमा खर्च गर्नुपर्ने, आर्थिक सहायताको रुपमा कार्यक्रमिक सहयोग गर्न नहुने व्यबस्था तथा आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा खर्च भएका सबै विल भरपाई सहितको लेखा राख्नुपर्ने र कुनै व्यक्ति विशेषलाई फाईदा हुने निकासा दिन नहुने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार खर्चहरु व्यक्तिगत एबम् अनुत्पादक प्रकृतिको रहेको र खर्चको आधार र मापदण्ड बेगर खर्च गरिएकोले यस्ता वितरणकारी खर्चमा नियन्त्रण गर्नुपर्ने देखिएको रु
<table>
<tr><td>भौ.नं. मिती</td><td>विवरण</td><td>भुक्तानी पाउने</td><td>रु.</td></tr>
<tr><td>१३९।०७८।७।१६</td><td>तिहार विशेष खेलकुद कार्यक्रम</td><td>यूनेश्को क्लव केन्द्र वडा नं ६</td><td>८००००</td></tr>
<tr><td>२१२।०७८।११।३०</td><td>पाईप खरिद</td><td>महेन्द्र सप्लायर्स</td><td>२७१२०</td></tr>
<tr><td>३०२।०७८।१२।३०</td><td>तारजाली खरिद</td><td>विएचएम कन्स्ट्रक्सन</td><td>१९८५९७</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३०५७१७</td></tr>
</table></td><td>३०५,७१७</td></tr>
<tr><td>२८.२</td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन, २०७४ मा पालिकाले पूँजी निर्माण हुने पूँजीगत कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। भौ. नं. ६५५।०७९।३।३१ बाट मोर्डन बुक्स डिष्टिब्युटर्स बाट विभिन्न किताबहरु खरिद, गाडी भाडा र होटलको विल सम्लग्न गरी रु १०९४६१।०० खर्च लेखांकन गरेको छ । यस्ता खर्चहरु नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८.३ | | | पालिकाका नगर उपप्रमुख कार्यालय अनुगमनका लागि जिल्ला भित्र प्रयोग गर्ने गरी निजी सवारी साधन सम्झौता भएको छ । भाडामा लिइएको सवारी साधन कुन कुन योजनाको अनुगमनमा गएको भन्ने विस्तृत रुपमा दैनिक विवरण र समग्र प्रतिवेदन समावेश गरेको छैन । कार्यालयकै सवारी साधन प्रयोग गरी यस्ता खर्चहरु नियन्त्रण गर्नुपर्दछ । | |

| गो.भौ.नं. र मिति | सम्झौता अवधि | दैनिक भाडा दर | कुल भुक्तानी भएको रकम |
|---|---|---|---|
| २८६, २०७८।११।२ | २०७८।९।१ देखि २०७८ फागुन मसान्त सम्म | ६६०० | ३९७९५० |
| ६३८, २०७९।३।२५ | अवधि छैन | ० | ८८००० |
| ६५१, २०७९।३।२५ | २०७९।२।१ देखि २०७९।३।३० | ० | १९८००० |
| जम्मा | | | ६८३९५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८.४ | | | नाफामूलक संस्थासँग सहकार्य : सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद १ को नियम २ (ट) मा उपभोक्ता समिति भन्नाले निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुले कुनै निर्माण कार्यको निर्माण, सञ्चालन र मर्मत सम्भार गर्नको लागि आफूहरुमध्येबाट गठन गरेको समिति सम्झनु पर्ने व्यवस्था छ । पालिकाको नगरसभा बाट स्वीकृत वार्षिक कार्यक्रम अनुसार वडा नं. १ मा नगरस्तरीय योजनामा खैरावाङ प्राविधिक शिक्षालयसँग सहकार्य गर्नको लागि रकम रु १० लाख बजेट विनियोजन भएकोमा सोही शिक्षालय सँग सहकार्य गर्ने गरी २०७८।७।११ मा सम्झौता भएको छ । उक्त शिक्षालय कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेडको रुपमा दर्ता भएको देखिन्छ । शिक्षालयसँगको सम्झौताको टिप्पणीमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १ अनुसार १ करोड रुपैँयासम्मको निर्माण कार्य वा सो सम्बन्धी काम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन व प्राप्त गर्न सकिनेछ भन्ने प्रावधान रहेकोले यो सम्झौता गर्न मनाशिव भएको उल्लेख छ । उक्त सम्झौतामा उपभोक्ता समितिको सहभागिता कति हुने भन्ने उल्लेख छैन । त्यस्तै प्राइभेट लिमिटेडको रुपमा दर्ता भएको नाफामुलक संस्थालाई लाभग्राही समूह मान्न मिल्ने देखिदैन। उक्त शिक्षालयलाइ भुक्तानी दिइएको रकम नियमसम्मत नभएको रु.<br><br>सि.नं. \| सहकार्य गरिएको संस्था \| स्थाइ लेखा नं. \| तालिमको नाम \| भुक्तानी रकम<br>१ \| खैरावाङ प्राविधिक शिक्षालय \| ६०९८८१२१५ \| कम्प्युटर सीप \| ४८५०००<br>२ \| खैरावाङ प्राविधिक शिक्षालय \| ६०९८८१२१५ \| लोकसेवा तयारी कक्षा \| ५०००००<br>\| जम्मा \| \| \| ९८५००० | ९८५,००० |
| २८.५ | | | गो.भौ.नं. ७८, २०७८।६।२२ वाट नगर प्रमुख चढेको गाडी भाडा बापतको रकम रु २३७४५०।०० भाडा सम्झौता गरी जनकराज गौतमलाई भुक्तानी दिइएको छ । कार्यालयमा सरकारी गाडी हुँदाहुँदै निजी सवारीको प्रयोग के मा गरियो सो को विवरण संलग्न नगरेकाले प्रयोजन पुस्टी हुन नसकेको रु | २३७,४५० |
| २९ | | | **प्रशासनिक खर्च** | |
| २९.१ | | | **इन्धन खर्च :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस बर्ष इन्धनमा रु. ३०९४०७९।०० खर्च गरेको छ । इन्धन खर्चगर्दा सवारी लगवुक नभएको र सवारीको प्रयोजन र उद्देश्य खुलाउने गरेको छैन । साथै नगरप्रमुखको आदेशको आधारमा समेत इन्धनको ठेली वितरण गरिएको छ । आन्तरीक नियन्त्रण कार्यविधि तयार गरी खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९.२ | | | **भ्रमण खर्च :** कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्वन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको,<br><br>अतः स्पस्ट प्रयोजन र उद्देश्य बेगर अधिकांशत ७ दिनको समयावधी राखि भ्रमण खर्च भुक्तानी गरेको देखिएकाले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न ध्यान दिनुपर्दछ । | |
| ३० | | | **पूँजिगततर्फ** | |
| ३०.१ | | | **कार्य सम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । कतिपय ठेक्कामा एमवि नै समावेश नगरी भुक्तानी दिएको समेत पाइएकाले कार्य सम्पन्न भए अनुसारकै भुक्तानी भएको छ भनेर यकिन हुन सक्ने अवस्था छैन । | |
| ३०.२ | | | **विड डकुमेन्ट -** वोलपत्र विक्रि, दाखिला रजिस्टर, पत्रिकामा सूचना प्रकाशन लगायतका विड डकुमेन्ट सम्वद्ध सम्पूर्ण कागजात व्यवस्थित ढंगले राखेको पाइएन । यसले गर्दा मागेका वखत आवश्यक कागजात पेश नहुँदा बोलपत्रको छनौट प्रकृयामा यकिन गर्न सक्ने अवस्था छैन । साथै पालिकाले सार्वजनिक खरिद अनुगमन कार्यालयले तोके अनुरुपको बिड डकुमेन्ट र सम्झौताको कागजातको प्रयोग गरेको समेत पाइएन ।पेश भएका बोलपत्रमध्ये सवैलाई मूल्यांकनमा समाबेश नगर्नुका कारण पालिकाको मूल्यांकन प्रतिबेदनमा खुलासा गर्ने गरेको समेत देखिएन । यसले गर्दा वोलपत्रको छनौट प्रकृया भरपर्दो र विश्वसनिय देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३०.३ | | | **ढिलो सम्झौता :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) मा बोलपत्र छनौट भएको सात दिन भित्र सार्वजनिक निकायले सम्वन्धित बोलपत्रदातालाई निजको बोलपत्र स्वीकृत गर्ने आशयको सुचना दिनुपर्ने र उपदफा ३ मा दफा ४७ बमोजिम त्रुटी वा निर्णयको पुनरावलोकनको निवेदन नगरेको अवस्थामा सात दिनको अवधि सकिएपछि वोलपत्र स्वीकृत गरी १५ दिनभित्र खरिद सम्झौता गर्नुपर्ने व्यवस्था छ । आधारभूत स्वास्थ सेवा केन्द्र भवन निर्माणका लागी आह्वान गरिएका बोलपत्रहरुमा निम्नानुसार मूल्यांकन समितीले प्रतिबेदन दिई बोलपत्र छनौट भएको करिव ४ महिनापछि मात्र आशयपत्रको सूचना दिएको पाइयो । २०७९ आषाढ मसान्तभित्र कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा समयमा कार्यसम्पन्न भएको देखिएन ।ढिलो सम्झौता गर्नुको कारण समेत खुलासा गरेको छैन । खरिद ऐनमा भएको व्यवस्था पालना गरी समयमा कार्य शुरु गरी कार्यसम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

| सि.नं. | कामको विवरण | निर्माण व्यवसायी | समितीकोप्रतिबेदन/छनौट मिति | आशयपत्रको सूचना मिती | सम्झौता मिती |
|---|---|---|---|---|---|
| १ | आधारभूत स्वास्थ सेवा केन्द्र भवन निर्माण,वडा नं ३ | विशाल निर्माण सेवा | ०७८।३।२ | ०७८।७।८ | ०७८।७।१६ |
| २ | आधारभूत स्वास्थ सेवा केन्द्र भवन निर्माण,वडा नं ९ | भगवती कन्स्ट्रक्सन | ०७८।३।८ | ०७८।७।८ | ०७८।७।१२ |
| ३ | आधारभूत स्वास्थ सेवा केन्द्र भवन निर्माण,वडा नं ६ | खैरावाग माई कन्स्ट्रक्सन | ०७८।३।३ | ०७८।७।८ | ०७८।७।१२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०.४</td><td></td><td></td><td>
कार्यप्रगतिः सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५६ तथा सार्वजनिक खरीद नियमावली,२०६४ को नियम १२० वमोजिम खरीद सम्झौताको काबु वाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलव्ध गराउनु पर्ने विषय उपलब्ध नगराएको तथा काम समयमानै सम्पन्न गर्न भर मग्दुर प्रयास गरेको अवस्थामा मनासिव कारणवाट खरीद सम्झौताको अवधि नवढाइ नहुने भएमा म्याद थपको निवेदन वमोजिम तोकिएको आधारमा म्याद थप गर्न सक्ने व्यवस्था रहेको छ।पालिकाका ठेक्काहरु सम्झौता अनुरुप समयमा काम सम्पन्न नभएको देखिएन। समयमानै कार्य सम्पन्न गर्न नसकेमा सार्वजनिक खरीद नियमावली,२०६४ को नियम १२१ तथा खरीद सम्झौताको विषेश सर्त वमोजिम निर्माण व्यवसायिले सम्झौता रकमको ०.०५ प्रतिशत प्रतिदिनका दरले पुर्व निर्धारीत क्षतिपुर्ति तिर्नुपर्ने तथा निर्माण कार्य सम्पन्न गराउनुपर्ने व्यवस्था छ ।उल्लेखित अनुसारका योजनाहरुको कार्य प्रगति न्युन रहेको र निर्माण व्यवसायीले खरीद सम्झौतामा तोकिए वमोजिमको अवधिमा कार्य सम्पन्न गर्ने गरी कार्य नगरेका कारण खरीद कार्यहरू निर्माण सम्झौता वमोजिम सम्पन्न सकेको देखिएन ।खरीद सम्झौता वमोजिम निर्माण कार्य गर्नु पर्ने अन्यथा खरीद नियमावली तथा खरीद सम्झौताको सर्त वमोजिम पुर्वनिर्धारीत क्षतिपुर्ति असुल गरी निर्माण कार्य सम्पन्न गराउनु पर्दछ ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">निर्माण व्यवसायी</th><th rowspan="2">कामको विवरण</th><th rowspan="2">सम्झौता रु</th><th colspan="2">०७९ आषाढ मसान्तसम्मको</th><th rowspan="2">कार्यसम्पन्न गर्नुपर्ने मिती</th><th rowspan="2">म्याद थप भएको</th><th rowspan="2">कैफियत</th></tr>
<tr><th>अद्याबधिक काम</th><th>अद्याबधिक प्रगती प्रतिशत</th></tr>
<tr><td>१</td><td>विशाल निर्माण सेवा</td><td>मार्केदेखि खैरावाग हुँदै श्रीनगरसम्म मोटरवाटो</td><td>८२३१८४३</td><td>४११६५२४</td><td>५०</td><td>०७७।७।३०</td><td>०७८।८।३० (दोश्रो पटक)</td><td>तत्पश्चात म्याद थप नभएको</td></tr>
<tr><td>२</td><td>जेनिशा निर्माण सेवा एण्ड सप्लायर्स</td><td>बरला लिफ्ट खानेपानी निर्माण</td><td>४६६२३७०</td><td>४४३७९५१</td><td>९५.१९</td><td>०७८।३।२५</td><td></td><td>म्याद थप नभएको</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३०.५</td><td></td><td></td><td>सार्वजनिक परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३०.६</td><td></td><td></td><td>गुणस्तर परीक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने कुनैपनि सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१</td><td></td><td></td><td>

**एउटै फर्मवाट सीमा भन्दा वढी खरीद कार्यः**

सार्वजनिक खरीद ऐन,२०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरीद गर्न नमिल्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) बमोजिम ५ लाख सम्म लागत अनुमान भएको निर्माण कार्य सोझै खरीद गर्न सकिने तथा सोही नियमावलीको नियम ८५(१ख) वमोजिम एक आर्थिक वर्षमा एक पटक वा पटक पटक गरी पाँच लाख भन्दा वढीको खरीद गर्न नसकिने व्यवस्था गरेको छ।नियमानुसार एकमुष्ठ खरीद योजना बनाई सिलबन्दी दरभाउ पत्र, बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्नेमा प्राप्त विवरण अनुसार रु ३१ वटा टुक्राटुक्रा पारि रु १,१८,२४,१४१।०० को खरिद कोटेशनको माध्यमवाट खरिद गरेको छ । उदाहरण स्वरुप निम्नानुसारका निर्माण कार्य, सामान खरिद तथा परामर्श सेवा लिदा निम्नानुसार वोलपत्र एवं सिलवन्दी दरभाउपत्रवाट खरिद नगरि खरिद योजना बेगरनै पटक पटक सोझै खरीद गरेको पाइयो । खरीद नियमावलीमा भएको व्यवस्था विपरित खरीद कार्य गर्दा प्रतिस्पर्धात्मक खरीद कार्य हुन सकेको छैन । खरीद कार्य गर्दा नियमावलीको व्यवस्था वमोजिम गर्नुपर्दछ।साथै नियमावली विपरित तोकिएको सीमा भन्दा वढी हुने गरी पटक पटक सोझै खरीद कार्य गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

<table>
<tr><th>गो भौ र मिति</th><th>भुक्तानी पाउने</th><th>योजनाको नाम</th><th>भुक्तानी रकम</th><th>जम्मा भुक्तानी</th></tr>
<tr><td>११३।०७८।९।२५</td><td rowspan="3">प्रकाश कन्स्ट्रक्सन</td><td>६ नं वडाको विभिन्न बाटो मर्मत</td><td>३१५३७५</td><td rowspan="3">७५८९२२</td></tr>
<tr><td>४२।०७८।७।१६</td><td>४ नं वडाको विभिन्न बाटो मर्मत</td><td>१४४८२४</td></tr>
<tr><td>३५९।०७९।१।२१</td><td>रारे मोटरवाटो स्तरउन्नती</td><td>२९८७२३</td></tr>
<tr><td>५०७।०७९।३।२४</td><td rowspan="2">प्रक्रिति मल्टीप्रपोज मिडिया प्रा लि</td><td>मेरो पालिका मेरो सेरोफेरो कार्यक्रम</td><td>४९८०००</td><td rowspan="2">६९२०००</td></tr>
<tr><td>५०६।०७९।३।२४</td><td>मेरो पालिका मेरो सेरोफेरो कार्यक्रम</td><td>१९४०००</td></tr>
<tr><td>४९८।०७८।३।२३</td><td rowspan="2">वि.सि. निर्माण सेवा</td><td>भगवती खोला नेर स्ल्याव निर्माण</td><td>४९८४९२</td><td rowspan="2">८८२४२६</td></tr>
<tr><td>२५९।०७८।१२।६</td><td>उद्योग बाणिज्य संघ देखि टाउन प्लानिंग जाने वाटोमा स्लयाव निर्माण</td><td>३८३९३४</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>खरिद व्यवस्थापन तर्फ</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२.१ | | | **बार्षिक खरिद योजना/गुरुयोजना :** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले वार्षिक रु. २०,७४,६३,३३९।०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ३२.२ | | | **मौजुदा सूची तयारः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६(क) बमोजिम प्रत्येक सार्वजनिक निकायले दफा ३० को उपदफा (६) दफा ४१ को उपदफा (१) को खन्ड (क) र दफा ४६ बमोजिम गरिने खरिदको लागि खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकको दफा १०(२) बमोजिमको योग्यताको आधारमा छुट्टाछुट्टै सूची तयार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यसरी मौजुदा सूची तयार गरेको छैन । यसले गर्दा कार्य बिशिस्टिकरणको आधारमा खरिद प्रकृया नहुने तथा उपयुक्त योग्यता र क्षमता नभएकाबाट समेत सेवा प्राप्त गर्दा गुणस्तरिय सेवा प्रवाह नहुने देखिन्छ । तसर्थ कानूनको पालनामा कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ३२.३ | | | **खरिद कारवाही अभिलेख**–सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२)बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ।अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२.४ | | | **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । ऐनको दफा ६७(१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था छ । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् । | |

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| १३७ | १४९ | १२८ | १७ | २१ | ४५२ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष ४५२ वटा योजना संचालन गरेकोमा रु.२ लाख भन्दा मुनिका मात्र २८६ (६३.२७ प्रतिशत) वटा योजनाहरु रहेका छन् । आयोजनाहरुको बिस्तृत अध्ययन प्रतिबेदन (DPR) तयारनै नगरी कार्यान्वयन गरेको पाइयो ।यसले गर्दा बजेटका आधारमा योजनाहरु बन्ने र विकासको आबश्यकता भन्दा पहुँचका आधारमा योजना छनौट हुने गरेको प्रव्रित्ति देखिन्छ ।अधिकांश पूँजीगत कार्यक्रमका योजनाहरु रु ४५ हजार देखि २ लाख सम्मका रहेकाले योजनाहरुवाट बान्छित लाभ नहुने, उत्पादकत्व हासिल नहुने र पूर्वाधारको विकास भन्दा छरिएर साना कार्यक्रम संचालन हुँदा परिणाम शुन्य हुने अवस्था देखियो । सभाबाट स्वीकृत अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । कोटेशनबाट समेत कार्य भएकोमा निर्माण कार्यको च्यानेज उल्लेख नभएको र कामको विवरण समेत कतिपयमा उल्लेख नभएकाले काममा दोहोरोपन पर्ने सम्भावना समेत देखिन्छ । पालिकाले यस बर्ष योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम भएको सुनिश्चितता हुने गरी योजना तथा कार्यक्रम छनौट गरेको देखिएन। आर्थिक बर्ष २०७८।७९ को योजना कितावमा विषय क्षेत्रगत कार्यक्रम,तथा संघिय तथा प्रदेश सरकारको अनुदानबाट सन्चालन हुने योजना तथा कार्यक्रमहरु समाबेश नगरेबाट योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम भएको छ भन्न सक्ने आधार देखिएन।कानुनको ब्यबस्था अनुसार योजना तथा कार्यक्रम छनौट गर्नुपर्दछ । साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२.५ | | | **योजना संसोधनः** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७९ मा रकमान्तर तोकिए बमोजिम गर्नुपर्ने व्यवस्था छ ।स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम नगरसभाबाट योजना तथा कार्यक्रम पास भई अख्तियारी दिएपछि सभाको निर्णय वेगर फरक योजना तथा फरक शीर्षकमा बजेट खर्च गर्न नपाउने व्यवस्था छ ।नगरसभाको निर्णयले योजना संशोधन गर्दा छनौट भएको योजना तथा कार्यक्रम कार्यान्वियन हुन नसक्नाको उचित पुष्ट्याइ उल्लेख नगरी कार्यपालिकाको निर्णयले छनौट भएका योजनाको बिनियोजन भएको योजना कार्यान्वियन हुन नसक्नाको उचित कारण बेगर पुरै बजेट घटाइ योजना बैंकमा नरहेका नयाँ योजनामा बिनियोजन गर्नुपर्ने आधार बेगर बजेट बिनियोजन गरी खर्च गरेको देखियो । जसका कारण ऐनको प्राबधान अनुसार आय प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा, निर्धारण बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन अनुसार नगरपालिकाले योजना तथा कार्यक्रम स्विकृत गरी कार्यान्वयनका लागी प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारी दिइ सकेपछि उचित कारण बेगर कार्यान्वयन नगर्नु उचित देखिएन । साथै योजना छनौटमा पदाधिकारीहरुको तजबिजी अधिकार प्रयोग भइ बास्तबिक जनताको आबश्कताको योजना कार्यान्वियन नहुने जोखिम रहन्छ। यस बर्ष पालिकाले पुँजिगत तर्फ ७२ योजना तथा कार्यक्रममा बिनियोजन भएको रकम रु ३ करोड २० लाख ४ हजार बजेट घटाइ ऐन विपरित योजना संसोधन गरी १४२ वटा योजना तथा कार्यक्रममा चालुबाट समेत रु ४ करोड ६० लाख ६१ हजार खर्च गर्ने गरेको छ । छनौट भएका योजना कार्यान्वियन नगरी अन्य योजनामा बिनियोजन तथा रकमान्तर गर्ने कार्य नियन्त्रण हुन पर्दछ। | |
| ३२.६ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| ३२.७ | | | **रेशमज्यूला मोटरेवल पुल** - रेशमज्यूला मोटरेवल पुल निर्माणको लागी यस वर्ष सातौ रनिंग विलको भौं. नं. ३६। ०७८।७।१४ बाट रु. ४८,०१,७३३।०० र भेरियशन सहित अन्तिम रनिंग विलको भौ. नं. १६३।०७८।१०।२७ बाट रु. २३,३२,३१२।०० समेत रु. ७१,३४,०४५।०० भुक्तानी भएको छ । रु. ४,५५,४०,३३४।३८ को गौरिपार्वत, जुद्ध एण्ड पूर्ण जे.भी.सँग सम्झौता भएकोमा कार्यसम्पन्न हुँदा जम्मा भुक्तानी रु. ४,४३,३९,९९४।३८ भएको अन्तिम रनिंग विलमा देखिन्छ । उक्त पुलको एजविल्ट ड्रइंग, ल्याव टेस्ट प्रतिबेदन लेखापरीक्षणको क्रममा पेश भएन । साथै लागत अनुमानकै बखत पूर्वानुमान गर्न सकिने अवस्थामा समेत थप कामको लागी भेरियशन वापत रु. १६,०७,७७५।३० भुक्तानी भएको देखिन्छ ।<br>उक्त पुलको लागी वोलपत्र मार्फत ठेक्का सम्झौता भएकोमा सोहि कार्यका लागी निम्नानुसार सोझै खरिद गरी ३ वटा कोटेशन रु १३,९६,१७४।०० को जारी गरेको पाइयो । बोलपत्रनै भएको अवस्थामा यसरी सोझै खरिद गरी कोटेशनबाट गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । १) भौ.नं. ३७२।०७९।१।२५ बाट रेशमज्यूला मोटरेवल पुलको तारजाली निर्माण वापत दिप निर्माण सेवालाई रु. ४,८२,५१९।०० २) भौ.नं.४२३।०७९।३।६ बाट रेशमज्यूला मोटरेवल पुलमा रंग तथा ड्रेन लगाए वापत भवानी कन्स्ट्रक्सनलाई रु. ४,३१,४३८।०० ३) भौ.नं. ३७०।०७९।१।२३ बाट रेशमज्यूला मोटरेवल पुलको साइडमा वाल निर्माण वापत रु ४,८२,२१७।०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | |   उक्त पुलको स्थलगत निरीक्षण गर्दा पुलको दुवै साइडका संरचना व्यवस्थित नरहेको र पानी पसेको अवस्थामा भत्कन सक्ने देखियो । साथै खोला ठाडो रहेको र पुलको मध्यभागमा रहेको पिल्लरको नजिकै तल्लो भागमा नदि गहिरिएको देखिन्छ । यसको संरक्षणका लागी पुल निर्माणका बखत ध्यान नदिइएकाले कुनै पनि समय पानीको बहाव उच्च हुँदा पुल नै भत्कन सक्ने जोखिम देखियो । पुल निर्माणका लागी लागत अनुमान तयार गर्दा नै ध्यान दिन नसकिएको, पूर्बानुमान गर्न सकिने अवस्थामा समेत भेरियसन जारी गरेको र एउटै कार्यमा पटक पटक कोटेशन जारी गरेकाले थप व्ययभार परेको देखियो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **शिक्षा तर्फ :** | |
| ३३.१ | | | स्यानिटरी प्याड : स्यानिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि, 2076 को परिच्छेद 3 को दफा 5 मा विध्यालयले आफ्ना छात्राहरुको संख्याका आधारमा आवश्यक स्यानिटरी प्याड माग गरी स्थानीय तहमा पठाउनु पर्ने र माग भएको संख्यालाई शिक्षा शाखाले स्थानीय तहमा भएका इ.आइ.एम.एस.तथ्याङ्कसँग भिडाई आवश्यक हुने स्यानीटरी प्याड उपलब्ध गराउनु पर्ने तथा प्रत्येक विध्यालयलाई उपलब्ध गराएको स्यानिटरी प्याडको अभिलेख अलग रुपमा राख्नु पर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं. २८९, २०७९।३।२५ बाट त्रिदेव मेडिसिन सँग रु २६।७८ का दरले १६५२३ प्याकेट स्यानिटरी प्याड खरिद गरेकोमा जम्मा ११७४५ प्याकेट मात्र वितरण भएको भर्पाई पेश गरिएकोमा बाँकी ४७७८ को स्टक खुलाइएको छैन । बाँकी ४७७८ प्याकेटको स्टक रहेको विवरण तथा वितरण गरेको भर्पाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | १२७,९५५ |
| ३३.२ | | | विद्यालय अनुगमन : यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् :<br>• पालिकाले सार्वजनिक विद्यालयहरुको अनुगमन मापदण्ड निर्धारण गर्नुपर्नेमा निर्धारण गरेको देखिएन ।<br>• पालिकाको क्षेत्राअधिकार भित्र रहेको निजी विद्यालयहरुको अनुगमन गर्न तथा व्यवस्थापन गर्न मापदण्ड तयार गरि अनुगमन गर्नुपर्नेमा निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन ।<br>• पालिकाले सार्वजनिक विद्यालयहरुको गुणस्तर मापन गर्न विभिन्न मापदण्ड तयार गर्नुपर्नेमा पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन । पालिकाको सार्वजनिक विद्यालयहरुमा हुने चौमासिक निकासा तथा अन्य निकासाको अभिलेख खडा गरि विद्यालयको अभिलेख बमोजिम निकासा गर्नुपर्नेमा अभिलेख खाता राखेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३.३ | | | शिक्षकको तलब निकासा : स्थानीय र प्रदेश तहमा शसर्त एवं शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वियन हुने कार्यक्रम कार्यान्वयन पुस्तिका 2077/78 को खण्ड २ मा स्थानीय तहले कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकिन विवरण शिक्षा विकास तथा समन्वय ईकाइबाट प्राप्त गरी वा अध्यावधिक गरी सोही अनुसार दरबन्दीमा, राहत कोटा र प्रा.वि. तर्फका अनुदानमा कार्यरत शिक्षकहरुको लागी विद्यालयबाट प्राप्त माग फाराम रुजुगरी अनुदान उपलव्ध गराउनुपर्ने व्यवस्था छ । साथै शिक्षा नियमावली, 2059 को नियम 179 मा कुनै कामको लागि आवश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानुन बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । पालिकाले यो वर्ष त्रैमासिकगत शिक्षकको तलव भत्ता वापत निकासा दिएकोमा नियमावलीको प्रावधान अनुसार तलबी प्रतिवेदन पारित गरेको छैन । यसरी तलबी प्रतिवेदन पारित नगरि शिक्षकको तलब निकासा दिँदा शिक्षकहरुको यथार्थ तलब र ग्रेड भुक्तानीमा विश्वस्त हुने आधार देखिएन । अत: तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भुक्तानी गर्नुपर्दछ । पालिकाले निकासा दिँदा श्रेस्तासाथ शिक्षकको नामनामेसी सहितको निकासाको विवरण संलग्न गरेको देखिएन । पालिकाको शिक्षा शाखाबाट निकासा मागेको रुजु नगरी निकासा दिएको, निकासा गरेको रकमको प्राप्त तलबी भरपाई रुजु नगरेको र विध्यालयले तलबी भरपाईको सवै जोडजम्मा नगरी खुद पाउने महलको मात्र जोडजम्मा गरेको पाइयो । साथै पालिकाको लेखाको श्रेष्तामा विद्यालयको नामनामेसी बमोजिम हुने निकासा रकमको पुष्ट्याई हुने विध्यालयगत शिक्षक संख्या, जम्मा ग्रेड, भत्ता, कसंकोष, विमा तगायतका तलबी भर्पाईमा उल्लेख गर्नुपर्ने सवै विषयहरु उल्लेख गरी तलबी भरपाईकै ढाँचामा निकासा रकमको विवरण राख्नुपर्नेमा विध्यालयको नाम र निकासा रकमको विवरण मात्र राखेको छ ।यसबाट आन्तरिक नियन्त्रण प्रणाली कमजोर देखिन्छ । अत: पालिकाले निकास रकम र सोको भिडान हुने गरी विध्यालयको नाम र शिक्षकको नाम सहितको तलबी भरपाईको विवरण गोश्वारा भौचरसाथ संलग्न राख्नुपर्दछ । | |
| ३३.४ | | | बढी ग्रेड भुक्तानी : निम्न शिक्षकहरुको २०७८ साउन देखि चैत्रसम्म जम्मा ९ महिनाको पेश भएसम्मको पारित तलबी प्रतिवेदन अनुसार बढी ग्रेड भुक्तानी भएकोले असुल गर्नुपर्ने रु | ९०,६३० |

| क्र. सं. | शिक्षकको नाम | तलबी प्रतिवेदन अनुसारको ग्रेड | महिना | दर | हुनुपर्ने | भएको | बढी |
|---|---|---|---|---|---|---|---|
| १ | निमबहादुर विश्वकर्मा | ७ | ९ | १००७ | ७०४९ | ८०५६ | ९०६३ |
| २ | बालकृष्ण बुढाथोकी | ७ | ९ | १००७ | ७०४९ | ८०५६ | ९०६३ |
| ३ | बिजुली प्रसाद विश्वकर्मा | ७ | ९ | १००७ | ७०४९ | ८०५६ | ९०६३ |
| ४ | रामबहादुर बुढाथोकी | २ | ९ | १००७ | २०१४ | ८०५६ | ५४३७८ |
| ५ | गोबिन्दबहादुर खत्री | ७ | ९ | १००७ | ७०४९ | ८०५६ | ९०६३ |
| | जम्मा | | | | | | ९०६३० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **सामाजिक सुरक्षातर्फ :** | |
| ३४.१ | | | लाभग्राहीको नाम नविकरण : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ७(१) मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले आगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ६ मा उल्लेखित समयाबधी भित्र सम्बन्धीत पालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ।सो कार्यविधिको उपदफा २ मा यसरी नविकरण नगर्ने लाभग्राहिले पछिल्लो आवमा भत्ता नपाउने उल्लेख गरेकोमा यस पालिकाले सोको परिपालना गरेको पाइएन ।कार्यविधिको पालना गर्नेतर्फ कार्यलयले ध्यान दिनुपर्दछ। | |
| ३४.२ | | | सार्वजनिक सुनुवाई : नगरपालिकाको वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ।नगरपालिकाको कुनै पनि वडा समितिले यस सम्बन्धमा नागरिक सुनुवाईको कार्यक्रम सञ्चालन गरेको पाइएन।गाँउपालिकाले यस तर्फ ध्यान दिई वास्तविक लाभग्राहीको अभिलेख अध्यावधिक गर्नुपर्दछ । | |
| ३४.३ | | | प्रतिवेदन पेश गर्नुपर्ने : सामाजिक सुरक्षा नियमावली २०७६ को नियम २३(१) मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची -६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेछ ।उपनियम १ बमोजिम चौमासिक प्रतिवेदन पठाउंदा पहिलो चौमासिक प्रतिवेदन मंसिर ७ गते भित्र दोस्रो चौमासिक प्रतिवेदन चैत ७ गतेभित्र र तेस्रो चौमासिक प्रतिवेदन तथा वार्षिक प्रतिवेदन अर्को आर्थिक बर्षको साउन १५ गतेभित्र विभागले तोकेबमोजिम पठाउनु पर्नेछ भन्ने व्यवस्था भएकोमा पालिकामा सो नियमको पालना भएको पाइएन ।पालिकाले नियमको पालना गर्ने विषयमा ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३४.४ | | | पारदर्शिता कायम गर्नुपर्ने : सामाजिक सुरक्षा कार्यक्रम संञ्चालन कार्यविधि २०७५ को नियम ३३ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्नेछ साथै (ख) मा स्थानिय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने व्यवस्था भएकोमा सोको पालना भएको पाइएन ।पालिकाले कार्यविधिको पालनामा ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४.५ | | | तथ्यांक अध्यावधिक : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुदा नं. १९ अनुसार विभागले स्थानीय तहमा सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग र बैङ्क र वित्तीय संस्था विच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाईं प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने र उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धीत स्थानीय तहको हुने उल्लेख छ । कार्यालयले प्रत्येक बर्ष सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तथ्याङ्क, कार्यविधि बमोजिम अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा अध्यावधिक तथ्याङ्क लेखापरीक्षणको क्रममा पेश गरेको छैन । कार्यविधि बमोजिम कार्यालयले केन्द्रीकृत व्यवस्थापन प्रणालीमा सुचना अद्यावधिक गर्नुपर्दछ । | |
| ३५ | | | **सामाजिक सुरक्षातर्फ :** | |
| ३५.१ | | | सामाजिक सुरक्षा भत्ता प्रणाली व्यवस्थित गर्न, सामाजिक सुरक्षा कार्यक्रममा प्रभावकारीता ल्याउन तथा नियमन गर्न नेपाल सरकारले सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ लागु गरेको छ । सामाजिक सुरक्षा भत्ताको सम्बन्धमा देखिएका व्यहोराहरु यस प्रकार छन् :<br>• कार्यविधिमा उल्लेख भए झै लाभग्रहीहरुको मूल अभिलेख एम आइ एस मा अद्यावधिक गरी सो अभिलेख अनुसार भत्ता वितरणको लागि निकासा माग गर्नु पर्ने सोही अभिलेख अनुसारको वितरण फाराम प्रिन्ट गरी वितरण भरपाइको रुपमा एम आइ एस प्रणाली प्रयोग गरेको देखिएन ।<br>• एम आइ एस प्रणाली प्रयोग नगर्दा र वडा कार्यालयमा रहने फोटो सहितको अद्यावधिक मूल अभिलेख खाता व्यवस्थित गरी खर्चको यथार्थता कायम गर्नुपर्दछ ।<br>• सामाजिक सुरक्षा भत्ताको पारदर्शिताको लागि पालिकाले नयाँ नाम दर्ता चौमासिक भत्ता वितरण बसाइँ सराइ र मृत्यु जस्ता विषयहरु चौमासिक तथा वार्षिक रुपमा सार्वजनिक गर्नुपर्नेमा सार्वजनिक गरेको देखिएन ।<br>• वडा समितिले प्रत्यक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रमको सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नु पर्नेमा सो गरेको देखिएन ।<br>• यस कार्यक्रमको नियमित अनुगमन मूल्यांकन र सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति रहनुपर्नेमा समिति गठन भएको देखिएन ।<br>• कार्यविधिले व्यवस्था गरेका उपरोक्तमा उल्लेखित व्यहोराहरु पालना नभएको हुँदा सामाजिक सुरक्षा भत्ता खर्च यथार्थ र विश्वसनीय रहेको भन्ने आधार रहेन । पालिकाले सामाजिक सुरक्षा भत्ता वैंक मार्फत वितरण गरेको छ । | |
| ३५.२ | | | संघीय सरकारले तोकेभन्दा बेग्लै सामाजिक सुरक्षाबापत खर्च स्थानीय तह कानुन बनाएर संघीय सरकारले तोकेभन्दा बेग्लै सामाजिक सुरक्षाबापत खर्च गरे नगरेको, स्थानीय तह कानुन नबनाइ संघीय सरकारले तोकेभन्दा बेग्लै सामाजिक सुरक्षाबापत खर्च गरेको छसंघीय सरकारले तोकेकै सामाजिम सुरक्षा भत्ता दोहोरो पर्ने गरी खर्च गरे नगरेकोसामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी, २०७७ को दफा १६ मा लाभग्राही सूचीका आधारमा प्रत्येक चौमासिकको भुक्तानी विवरण सम्बन्धित स्थानीय तहले प्रणालीमा प्रविष्टि गर्नुपर्ने व्यवस्था छ । यस पालिकामा सबै चौमासिकको भुक्तानी विवरण अद्यावधिक गरिएको पाइएन ।त्यस्तै दफा १८ को उपदफा २ मा आर्थिक कारोबार बन्द गरेपछि प्रचलित कानुनबमोजिम निकासा र खर्चको लेखा अद्यावधिक बैँक सँगको हिसाब मिलान गरी बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले उपलब्ध गराएको विवरण अनुसार रु ३,७१,५७,७६५।०० फिर्ता हुनुपर्नेमा जम्मा रु २२,९१,०४०।०० मात्र फिर्ता गरेकोमा कार्यालयको MIS प्रणाली बमोजिम वितरण नभएको रु ३,४८,६६,७२५।०० देखिन्छ । सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ अनुसूची ८ को शर्त ६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अनुसार गाउँपालिका र नगरपालिका बाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed) विवरण पेश गर्नुपर्ने ब्यवस्था रहेकोमा नगरपालिकामा उक्त शर्तअनुसार वैकवाट चौमासिक रुपमा जम्मा भएको विवरण प्राप्त भएको समेत देखिएन। यसले गर्दा अनुदान निकासा भएको रकम फिर्ता नै नभएको देखिएकाले Reverse Feed प्राप्त गरी हिसाव यकिन गर्नुपर्दछ ।पालिकाको विवरण अनुसारको फरक रु ३४८६६७२५।०० वितरण गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्दछ । | |

| क्रं. सं. | भत्ताको किसिम | जम्मा कायम संख्या | रकम | वितरण संख्या | रकम | बढी रकम |
|---|---|---|---|---|---|---|
| १ | अन्य ज्येष्ठ नागरिक भत्ता | ४६६० | ५५३६२२७८ | ३१५१ | ३७३७५३४२ | १७९८६९३६ |
| २ | जेष्ठ नागरिक भत्ता दलित | ८६३ | ६७०५५८८ | ५५६ | ४३२९५८८ | २३७६००० |
| ३ | जेष्ठ नागरिक एकल महिला | १८१४ | १४४०८१०४ | १३५० | १०७२७७८० | ३६८०३२४ |
| ४ | विधवा | १९६६ | १५५२२६९६ | १४२२ | ११२४९१४० | ४२७३५५६ |
| ५ | पूर्ण अपांगता भत्ता | २५७ | ३०४१४०५ | १७९ | २१२७८७६ | ९१३५२९ |
| ६ | अति अशक्त अपांगता भत्ता | ८३५ | ५२७०९४६ | ६२४ | ३९४९०३६ | १३२१९१० |
| ७ | क्षेत्र तोकिएका बालबालिका | ११७३९ | १८०५७७५१ | ८१६९ | १२६२९१३० | ५४२८६२१ |
| ८ | लोपोन्मुख बालबालिका | २ | १५९६० | ० | ० | १५९६० |
| ९ | दलित बालबालिका | १९१३ | २९४३९७४ | ११५२ | १७८३०४५ | ११६०९२९ |
| कुल जम्मा | | २४०४९ | १२१३२८७०२ | १६६०३ | ८४१७०९३७ | ३७१५७७६५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५.३ | | | पालिकाले प्रथम, दोश्रो, तेश्रो र चौथो त्रैमासिक सामाजिक सुरक्षा रकम भुक्तानी गर्दा वडा नं. १५ का परिचयपत्र नं २००७०९१००२६०३ का श्री च्याउसे वस्नेतलाई दोहोरो रकम भुक्तानी गरेको देखिन्छ । यस्तो भुक्तानी भएको रु. ४८०००।०० को दोहोरो भुक्तानी नभएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | ४८,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५.४ | | | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, 2075 को दफा १२ मा मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधुवा महिलाले विवाहा गरेमा, वालवालिकाको हकमा पाँच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत वितरण भएकामा लगातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख बाट कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । लेखापरिक्षणको क्रममा मुल लगत अभिलेख पेश नगरेकोले गाउपालिकाले मुल लगत अभिलेख तयार गरी अध्यावधिक गर्नुपर्दछ । | |
| ३५.५ | | | सामाजिक रुपमा पछाडि परेका वर्ग, क्षेत्र र समुदायका नागरिकलाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक संरक्षण प्रदान गर्न सामाजिक सुरक्षा भत्ता प्रणाली रहेको छ । यो कार्यक्रम अन्तर्गत पालिकाले यस आर्थिक वर्षमा रु ११,९०,३९,९७१।४४ खर्च गरेको छ । यस कार्यक्रमबाट लक्षित वर्गका रुपमा रहेका जेष्ठ नागरिक, एकल महिला, विधवा, बालबालिका, र अशक्तहरु समेत लगभग ६१६६ जना लाभान्वित भएको देखिन्छ । | |
| ३६ | | | **प्रधानमंत्री रोजगार कार्यक्रम** | |
| ३६.१ | | | पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानियतहभित्र प्रधानमंत्री रोजगार कार्यक्रम संचालनमा रहेको छ । कामका लागी रोजगार कार्यक्रम कार्यान्वियनका लागी निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगाबै अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एबं अन्य विकास निर्माणका लागी अधिकांश योजना छनौट नभई अनुत्पादनमूलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकाले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हासिल गर्ने गरी कार्यान्वियन भएको पाइएन ।पालिकाले यस बर्ष छनौट गरेका योजनामा गत विगतमा कार्य भएको अभिलेख, तथ्यांक तथा लगत राखेको देखिएन। यसले गर्दा कार्यमा दोहोरोपन नभएको र अपेक्षित नतिजा प्राप्त भएको छ भन्न सक्ने अवस्था छैन ।यस कार्यक्रम अन्तर्गत स्थानिय तहभित्रका विभिन्न वडाहरुमा सडक, नाली, पदमार्ग, फिल्ड निर्माण, गोरेटो वाटो, सडक मर्मत लगायतका विभिन्न १९ वटा योजना संचालन गरी यस वर्ष ६६ जनालाई १०० दिन रोजगारी उपलव्ध गराई रु. २,३३,००,४००।०० खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सिर्जना भएतापनि कामको दिगोपना तथा दीर्घकालिन रोजगारी सिर्जना भएको देखिदैन । | |
| ३६.२ | | | प्रधानमंत्री रोजगार कार्यक्रमबाट सम्पन्न भएका भनिएका योजनामा मर्मत कार्य भनी नगरपालिकाको पूँजीगत खर्चवाट भौ.नं ७४।०७८।९।६ बाट रु ४८४२३५।०० खर्च गरेको छ । खर्चमा दोहोरो नपरेको यकिन गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ४८४,२३५ |
| ३७ | | | **राजस्वतर्फ :** | |
| ३७.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ अनुसार पालिकाको आफ्नो स्थानीय सञ्चितकोष रहने र आफुले उठाएको राजश्व र आयवाट प्राप्त रकम सो कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । तर कार्यालय र वडावाट संकलित केहि राजश्व रकम आर्थिक वर्षको आषाढ मसान्तसम्ममा सञ्चितकोष खातामा जम्मा भएको पाईएन । पालिकावाट गत आर्थिक वर्षमा संकलित राजश्व चालु आर्थिक वर्षमा बैंक दाखिला भएको छ । नमुनाको रुपमा पालिका र वडाका केहि नगदी भौचर परिक्षण गर्दा समयमा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | राजश्व बैंक दाखिला भएको पाईएन । साथै पालिकाको रसिद नियन्त्रण खाता अद्यावधिक छैन । वडा कार्यालयले प्रयोग गरेका रसिदबाट कति आम्दानी भयो सो को विवरण अद्यावधिक नभएको र सबै वडाहरु MIS प्रणालीमा आबद्ध नभएकोले वडाबाट वार्षिक रुपमा उठेको राजस्वको वास्तविक अवस्था एकिन गर्न सक्ने अवस्था छैन ।उल्लेखित रकम तुरुन्त सञ्चितकोष खातामा जम्मा गरी आगामि दिनमा राजश्व रकम नगद बाँकि राख्ने प्रवृत्तिमा सुधार गर्नुपर्दछ । आर्थिक वर्ष २०७८।७९ मा राजस्व प्राप्ति र दाखिलाको अवस्था निम्नानुसार छ । | |

| नगरपालिका को अम्दानी | लेखा शाखामा वडाले बुझाएको रकम | नगदी रसिद कर बिल सूची अनुसारको रकम | जम्मा संकलन भएको राजस्व | राजस्व व्यवस्थापन प्रणाली अनुसारको कुल उठेको राजस्व | दाखिला भएको राजस्व | दाखिला हुन बाँकी राजस्व |
|---|---|---|---|---|---|---|
| नगरपालिकाको आन्तरिक अम्दानी | ६७८५०८८ | ० | ६७४९५७६ | ६७४९५७६ | ६७८५०८८ | बढी ३५५१२ |
| वडा नं १ | २०४६६७ | ९१८२०४ | ११२२८७१ | ६९७७५८ | ११२२८७१ | बढी ४२५११३ |
| वडा नं २ | १३८१७३ | ४५१२३५ | ५८९४०८ | २८४६४३ | ५८९४०८ | बढी ३०४७६५ |
| वडा नं ३ | ६९४७५ | २५२९० | ९४७६५ | ५७८५५ | ९४७६५ | बढी ३६९१० |
| वडा नं ४ | १९२९० | ६२११९ | ८१४०९ | १५३४५८ | ८१४०९ | घटी ७२०८९ |
| वडा नं ५ | २८५८५ | ९८५७४ | १२७१५९ | २१९०८३ | १२७१५९ | घटी ९१९२४ |
| वडा नं ६ | ६०७१० | ११३८४० | १७४५५० | विवरण छैन | १७४५५० | विवरण छैन |
| वडा नं ७ | १५३२३८ | ८१७८५ | २३५०२३ | १५३२३६ | २३५०२३ | बढी ८१७८७ |
| वडा नं ८ | ११०९४५ | ८०३८० | १९१३२५ | १९१३२५ | १९१३२५ | ० |
| वडा नं ९ | ५६११७ | ३४२२५ | ९०३४२ | ९०३४२ | ९०३४२ | ० |
| वडा नं १० | ० | ९५७७५ | ९५७७५ | विवरण छैन | ९५७७५ | विवरण छैन |
| वडा नं ११ | ० | ११४९५५ | ११४९५५ | विवरण छैन | ११४९५५ | विवरण छैन |
| वडा नं १२ | ० | १७२०६८ | १७२०६८ | १३७१६७ | १७२०६८ | बढी ३४९०१ |
| वडा नं १३ | ० | १६७३४६ | १६७३४६ | ३१६९८६ | १६७३४६ | घटी |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | १४९६४० | |
| | | | वडा नं १४ | ० | १०४९०० | १०४९०० | विवरण छैन | १०४९०० | विवरण छैन | |
| | | | वडा नं १५ | ० | १५६२२८ | १५६२२८ | विवरण छैन | १५६२२८ | विवरण छैन | |
| ३७.२ | | | राजस्व दाखिला : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, 207६ को दफा २८ बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा भोलिपल्ट दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । साथै तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्बन्धित तालुक कार्यालयले 10 दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरी दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम बिभागिय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । पालिका अन्तर्गत १५ वटा वडा कार्यालयले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । पालिकाको विवरण अनुसार राजस्व प्रणालिमा रु ९०,५१,४७२।०० राजस्व संकलन भएकोमा रु ८५,२८,८५९।०० मात्र राजस्व दाखिला भएको वित्तिय विवरणमा देखिन्छ । फरक परेको रु ५,२२,६१३।०० दाखिला भएको देखिएन । साथै वडा नं. ४, ५ र १३ मा क्रमश रु ७२,०८९।००, ९१,९२४।०० र १,४९,६४०।०० समेत जम्मा रु ३,१३,६५३।०० घटी दाखिला भएको देखिन्छ ।राजस्व संकलनका आधारभूत तथा सपोर्टिंग प्रमाण कागजातहरु श्रेस्तासाँथ संलग्न नभएको र व्यवस्थित रुपमा नराखेकाले असुल भएको राजस्वको दायरा यकिन गर्न सक्ने अवस्था समेत छैन । फरक परेको रु ५,२२,६१३।०० को सम्वन्धमा यकिन गरी वडा नं. ४, ५ र १३ को घटी दाखिला भएको राजस्व समेत असुल गर्नुपर्ने रु | | | | | | | ८३६,२६६ |
| ३७.३ | | | राजश्व अभिलेख : कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छ एकिन गर्न सकिएन । वडा नं ६, १०,११ ,१४ र १५ मा म्यानुअल पद्धतिवाट राजस्व संकलन गर्ने गरेको पाइयो ।कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो । | | | | | | | |
| ३८ | | | **कर दस्तुर एवं आन्तरिक आय तर्फ :** | | | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८.१</td><td></td><td></td><td>आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ सम्पत्ति कर, व्यवसाय कर वापत अनुमानित रु. ९८,३७,१३७।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु. ८५२८८५८।९८ अर्थात अनुमान भन्दा ८६.७० प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
<tr><td>३८.२</td><td></td><td></td><td>आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><br>केन्द्रिय अनुदानबाट खर्च: ३८४९९७४४८ | आन्तरिक आय: ८५२८८५९ | आन्तरिक आय प्रतिशत: २.२२<br><br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.२२प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३८.३</td><td></td><td></td><td>आय : गत वर्ष ढुंगा गिटी वालुवा र दशहत्तर बहत्तर विक्रि गरी राजस्व संकलन गर्न रु १५,००,०००।०० को ठेक्का लगाइएको देखिन्छ । साथै २०७८।४।२९ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णय नं. ३ मा ढूंगा गिट्टि बालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ बमोजिम आ.ब. २०७८।७९ को लागी शारदा नगरपालिकाको शारदा खोला, सुकेखोला, घट्टेखोला, बागचौर खोला भित्र ढुंगा गिट्टि बालुवाको उत्खनन् संकलन तथा विक्री वितरणको लागी न्यूनतम मूल्य रु. १५ लाख हुने गरी बढाबढमा टेण्डर खोल्ने निर्णय गरेपनि टेण्डर सूचना प्रकाशन गरेको विवरण पेश भएन । यस वर्ष ठेक्का नै लगाएको र रु २,७०,६००।०० मात्र राजस्व असुल भएकोले राजस्व अशुलीमा ध्यान दिएको पाइएन । यसले गर्दा गतवर्षभन्दा पनि कम राजस्व असुल भएको देखिन्छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३९</td><td></td><td></td><td>पूँजीगतबाट चालु खर्च<br>एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित वजेटबाट चालुखर्च गर्न नपाइने उल्लेख छ । चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकका समावेश गरि वजेट खर्च लेख्नु पर्दछ । यस पालीकाले निम्नानुसार चालु खर्च पुजिगत वजेटमा समावेश गरि वजेट खर्च लेखेको नियम सम्मत देखिएन ।
<table>
<tr><th>भौं.नं. मिती</th><th>बिबरण</th><th>रु.</th></tr>
<tr><td>५०९।०७९।३।२४</td><td>बाख्रा खरिद तथा वितरण</td><td>450000</td></tr>
<tr><td>५०३।०७९।३।२४</td><td>किसान तथ्यांक संकलन तथा सूचीकरण कार्यक्रम</td><td>२२३६१०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>६७३६१०</td></tr>
</table></td><td>६७३,६१०</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>खाना तथा विविध खर्च<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले विभिन्न १५ वडामा रु ५४०००।०० का दरले रु ८१००००।०० र नगरपालिकामा रु २५००००० गरी जम्मा रु. ३३,१०,००० यस वर्ष खाना तथा विविधतर्फ मात्र खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण –<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यस पालिकाको २०७८।७९ सम्मको फछयौट गर्न बाँकी अद्यावधिक बेरुजुको स्थिति देहायअनुसार रहेको छ।
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>गत वर्षसम्मको बाँकी बेरुजु (C=A-B)</th><th>यो वर्ष कायम बेरुजु (D)</th><th>संपरीक्षणवाट कायम बेरुजु (E)</th><th>अद्याबधिक बाँकी बेरुजू (F=C+D+E)</th></tr>
<tr><td>१३,०७,११,०००</td><td>०</td><td>१३,०७,११,०००</td><td>३,००,७१,१७३</td><td>०</td><td>१६,०७,८२,१७३</td></tr>
</table></td><td></td></tr>
</table>